

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् । eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

बालबालिका हराएमा, बेवारिस फेला परेमा, निश्शुल्क टेलिफोन नम्बर १०४ मा फोन गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ फागुन २९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 13 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९७

## सरकारले निजी क्षेत्रलाई उपेक्षा गर्दै आएको छ –ढकाल

प्रस, वीरगंज, २८ फागुन/

नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले निजी क्षेत्रलाई सहयोग नगरेको आरोप लगाएका छन्।





वीरगंज उद्योग वाणिज्य सङ्घको ४५औं साधारणसभाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ उपाध्यक्ष ढकालले निजी क्षेत्र रियल हीरो भएको दाबी गरे। उनले सरकारले निजी क्षेत्रलाई सधैं उपेक्षा गर्दै आएको बताए। रोजगार र राजस्व दिने निजी क्षेत्रलाई सरकारले गर्नुपर्ने सहयोग नगरेको उनको आरोप थियो। विकसित मुलुकमा निजी क्षेत्र फड्को मार्नुको पछाडि आन्तरिक र बाह्य लगानीकर्तालाई राज्यले पर्याप्त सेवा सुविधा प्रदान गर्नु रहेको उनले बताए।

उनले लगानीकर्ताका लागि करमा सहुलियत र सेवासुविधामा वृद्धिलगायतका कारणले विकसित मुलुकमा व्यापार–व्यवसाय फस्टाएको तर हामीकहाँ सरकार निजी क्षेत्रप्रति उदासीन भएको र कर मात्र वृद्धि गर्दै लगेकोले लगानीकर्ता खुम्चिएको बताए। उनले कर घटाउँदा व्यवसाय वृद्धि हुने र सोबाट रोजगारका अवसर सृजना भई देश समृद्ध भएको विभिन्न अध्ययनले पुष्टि गरे पनि सरकार त्यसतर्फ जागरूक नभएकोमा दुःखेसो पोखे। नेपालमा राजस्वको दर दिन प्रतिदिन बढ्दै गएपछि बाहिरी लगानीकर्ताको लागि उपयुक्त माहोल बन्न नसकेर वैदेशिक लगानी अपेक्षाकृत भित्रिन नसकेको उनले बताए।

महासङ्घका उपाध्यक्ष दिवेश श्रेष्ठले सरकारको यस्तै रवैया रह्यो भने आआफ्नो उद्योग–व्यवसाय बन्द गरेर घरमैं बस्न बाध्य हुने चेतावनी दिए।

महासङ्घका प्रदेश २ अध्यक्ष गणेश लाठले राज्यले उद्योगी–व्यवसायीप्रतिको हेपाहा प्रवृत्ति हटाउनुपर्ने माग गरे। राजनीतिक दलका नेताहरूले ट्रेड युनियनमार्फत मजदूरलाई उकास्ने तथा विभिन्न चन्दा चिठाबाट दुःख दिने गरेको उनको आरोप थियो।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष तथा उद्योगपति अशोक बैधले वीरगंज कोरिडोरको उद्योगबाट विसर्जित पानीको व्यवस्थापनको लागि पानी शुद्धीकरण केन्द्रको स्थापना गर्नुपर्ने जरुरी रहेको बताए।

श्रीसिया खोलामा उद्योगले प्रदूषण बढाएको भन्दै उनले सरकारले कडाइ गऱ्यो वा खोलामा उद्योगको पानी खसाल्न पाइएन भने दर्जनौं उद्योगको अस्तित्व नै सखाप हुने चिन्ता व्यक्त गर्दै उनले वीरगंजका उद्योगीहरूको समस्या बुझ्न सरकारलाई अपील गरे। साथै उनले भारतबाट आयात गरिने कच्चा पदार्थको राजस्व दर निकै बढी भएकोले उत्पादन लागत महँगो भई सामानको दाम पनि महँगो हुने गरेको बताए। उनले सहज व्यापारको लागि औद्योगिक कच्चा पदार्थको आयातमा सरकारले न्यून राजस्व दर राख्नुपर्ने सुझाव दिए।

वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष एवं प्रदेशसभा सदस्य ओमप्रकाश शर्माले निर्माणाधीन वीरगंज–पथलैया व्यापारिक मार्गको छेउमा रहेको नालामा उद्योगको पानी फाल्न अनुमति दिइनुपर्ने माग गरे। उनले सरकारसँग वीरगंज–पथलैया औद्योगिक कोरिडोरको विकासको लागि ६ लेन सडकको योजना माग गरेको र योजना निर्माण हुँदा पनि करोडौं राजस्व दिने उद्योगी–व्यवसायीको उद्योगबाट निस्कने पानी नालामा मिसाउन व्यापारिक मार्ग विस्तार योजना कार्यालय पथलैयाले बन्देज लगाउँदा सो क्षेत्रका उद्योगीहरूलाई समस्या भएको बताए।

साधारणसभा उद्घाटन समारोहमा वीरगंजका तीनजना पत्रकार कन्हैयालाल केशरी, क्रान्ति साह, तुलसी भण्डारीलाई प्रमुख अतिथि श्रेष्ठले वीउवासङ्घको तर्फबाट सम्मानित गरेका थिए। यसैगरी, कार्यक्रममा आयात–निर्यातमा योगदान पुऱ्याएबापत अरुणकुमार वर्णवाल, डाबर नेपाल, त्रिवेणी स्पिनिङ प्रालि, शिवशक्ति केमो प्लास्टिक, शिवशक्ति दाल मिल प्रालि, शिवशक्ति घ्यू उद्योग, अन्नपूर्ण भेजिटेबल्स प्रोडक्ट र नारायणी आयल रिफाइनरी प्रालिलाई सम्मानपत्र प्रदान गरिएको थियो।

वीउवासङ्घका अध्यक्ष गोपाल केडियाको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्यहरू अजय सुमार्गी, भरत आचार्यलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण महासचिव माधव राजपालले गरेका थिए।

वीउवासङ्घको ३५ सदस्यीय कार्यसमिति यसअघि नै निर्विरोध निर्वाचित भइसकेको छ। अध्यक्ष सुबोध गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, महासचिव माधव राजपाललगायतका पदाधिकारी सदस्यहरू निर्विरोध निर्वाचित भएका हुन्।

## पर्सामा कोरोनाविरुद्धको खोप जारी
## ज्येष्ठ नागरिकमा पनि साइड इफेक्ट देखिएन

प्रस, वीरगंज, २८ फागुन/

पर्साका सातवटा पालिकामा अहिले कोरोनाविरुद्धको खोप लगाउने कार्य जारी रहेको स्वास्थ्य कार्यालय पर्साका प्रमुख कामेश्वर चौरसियाले जानकारी गराएका छन्।



तस्वीरः प्रतीक

वीरगंज महानगरपालिकाको ३२ वटै वडामा र बहुदरमाई नगरपालिका, विन्ध्यवासिनी, पकाहामैनपुर, छिपहरमाई, धोबिनी र कालिकामाई गाउँपालिका गरी सातवटा पालिकामा अहिले खोप लगाउने कार्य भइरहेको प्रमुख चौरसियाले बताए। उनले यसअघि सातवटा पालिकामा खोप लगाउने कार्य सकिएको र बाँकी सातवटामा जारी रहेको बताए। दोस्रो चरणको खोप ज्येष्ठ नागरिक लक्षित भएपनि यसमा पहिलो चरणमा निर्धारित क्षेत्रका बाँकी मानिसले पनि लिन सक्ने प्रमुख चौरसियाले बताए। दोस्रो चरणको खोप फागुन २३ देखि सञ्चालन भएको र चैत २ गतेसम्म चल्ने उनले बताए। दोस्रो चरणमा ६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई खोप दिइएको र उनीहरूमा खोप लगाएपश्चात् कुनै 'साइड इफेक्ट' नदेखिएको प्रमुख चौरसियाले बताए।

### विद्यालयमा खोप लगाइएकोमा अभिभावकको गुनासो

दोस्रो चरणको कोरोनाविरुद्धको खोप कालिकामाई गापाको कटिबलुवा आधारभूत विद्यालयमा लगाइएको भन्दै अभिभावकहरूले गुनासो गरेका छन्।

विद्यालय सञ्चालन भइरहेको बेला ज्येष्ठ नागरिकहरूको लागि विद्यालय परिसरमा खोपकेन्द्र राखेको भन्दै अभिभावकहरूले आक्रोश व्यक्त गरेका थिए। कोरोनाको त्रासबाट समाज मुक्त नभएको र बालबालिकामा झन् ठूलो असर रहेकोले यो बेला कोरोनाविरुद्धको खोप विद्यालयबाट दिनु मानसिक तनाव वृद्धि गर्नु हो भनी अभिभावकहरूले गुनासो गरे। उनीहरूले स्वास्थ्य केन्द्र, चौकीबाट खोप दिने सूचना जारी गरी विद्यालय परिसरमा दिनु चरम लापरवाही भएको बताए।

जिल्ला स्वास्थ्य कार्यालय पर्साका खोप संयोजक अनिल सिंहले विद्यालयबाट खोपकेन्द्र हटाउन निर्देशन दिएको बताएका छन्। उनले निर्देशनविपरीत काम गरेकोमा सो गापाका स्वास्थ्य शाखा प्रमुखलाई विद्यालयबाट खोपकेन्द्र हटाउन निर्देशन दिइसकेको बताए।

## १७ दिनदेखि बेपत्ता बालक साहिदको शव बरामद

प्रस, परवानीपुर, २८ फागुन/

जीतपुरसिमरा उपमहानगरपालिका–२३ भलुहीस्थित म्यागनस फर्मास्युटिकलसको दक्षिण–पूर्वमा थुपारिएको छाई (धानको भुसको खरानी)मा पुरिएको अवस्थामा एकजना बालकको शव बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

बरामद बालकको शव सोही टोल निवासी जाकिर हुसैन मियाँ मन्सुरीका १४ वर्षीय छोरा साहिद हुसैन मियाँ मन्सुरीको हुन सक्ने प्रहरीले अनुमान गरेको छ। बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले बालक मन्सुरी बेपत्ता रहेको र सो शव उनकै हुन सक्ने अनुमान गरे। बालकका पिताले दिएको हुलियासँग बरामद शव मिल्दोजुल्दो भएकोले सो शव बालक मन्सुरीको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको उनले बताए। बालक मन्सुरी विगत १७ दिनदेखि बेपत्ता थिए।

उनको अपहरणपछि हत्या गरी फालिएको हुन सक्ने परिवारजनले आशङ्का गरेका छन्। परवानीपुस्थित ज्ञानसागर बोर्डिङ स्कूलमा अध्ययनरत साहिद फागुन ११ गते टोलमा आएको जन्ती हेर्नका लागि राति ११ बजे घरबाट निस्किएका र त्यसपछि सम्पर्कविहीन भएका थिए।

उनले लगाएको रातो टिर्सट, ब्लु प्यान्ट र रातो/पहेंलो रङको प्लास्टिकको चप्पलबाट बरामद शव बालक मन्सुरीको भएको काका ताहिर हुसैन मियाँ मन्सुरीले पुष्टि गरेका छन्। प्रहरीले शुक्रवार बिहान



साढे ८ बजे शव बरामद गरेको र थप कुराको पुष्टि शवको शल्यपरीक्षण र डिएनए परीक्षणबाट हुन सक्ने बताएको छ। परिवारजनले घटनाको छानबिन गरी दोषी पत्ता लगाउन माग गरेका छन्।

व्यक्तिगत रिसइबीका कारण बालकको अपहरण गरी हत्या गरिएको परिवारजनको भनाइ छ। प्रहरीले भने अनुसन्धानबाट तथ्य खुल्ने र प्रहरी बालक हराएको दिनदेखि नै सक्रिय रहेको दाबी गरेको छ।

## दुईजना महिलासहित ५४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २८ फागुन/

वीरगंज महानगरपालिका–२७ उदयपुरघुर्मीमा शुक्रवार आयोजित रक्तदान कार्यक्रममा दुईजना महिलासहित ५४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

साना किसान सहकारी संस्था लि. उदयपुरघुर्मीले आयोजना गरेको रक्तदान कार्यक्रममा सीमा देवी, आशिया खातुन, आनन्द गिरी, आजाद अन्सारी, दीपक पटेल, बलिष्टर पटेल, दिनानाथ यादव, सन्देश यादव र सुरज पटेललगायतले रक्तदान गरेको प्राविधिक कुशवाहाले जानकारी गराए।





तस्वीरः प्रतीक

## कर्मचारी आवश्यकता

नारायणी सेन्ट्रल हस्पिटल वीरगंज प्रा.लि., वीरगंजको लागि निम्नानुसारको योग्यता भएको कर्मचारीको आवश्यकता भएको हुँदा इच्छुक व्यक्तिले यो सूचना प्रकाशन भएको १५ दिनभित्र बायोडाटासहितको आवेदन गर्नको लागि जानकारी गराइन्छ।

| सि.नं. | पद | सङ्ख्या | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | मेडिकल अफिसर | केही | MBBS | सम्बन्धित कार्यमा कम्तीमा २ वर्ष काम गरेको हुनुपर्ने। |
| २. | स्टाफ नर्स | केही | B.Sc/I.Sc Nursing | |
| ३. | एच.ए. | केही | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित तहमा उत्तीर्ण | |
| ४. | अ.हे.ब. | केही | | |
| ५. | अ.न.मी. | केही | | |

आवेदन गर्ने स्थानः नारायणी सेन्ट्रल हस्पिटल वीरगंज प्रा. लि.
बिर्ता मन्दिर चोक, वीरगंज, पर्सा
फोन नम्बरः ०५१–५३३५३३, Email: nchb.nepal@gmail.com


## सूचना सूचना

६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकका लागि सम्बन्धित वीरगंज महानगरपालिकाको सम्बन्धित वडामा फागुन २८ देखि चैत २ गतेसम्म कोरोनाविरुद्ध निश्शुल्क खोप लगाइँदै छ। उमेर पुगेका सबै ज्येष्ठ नागरिकलाई आफ्नो नागरिकताको प्रमाणपत्र लिएर खोप लगाउन आग्रह गरिन्छ।

**वडाध्यक्ष प्रद्युम्न सेढाईं**
वडा नं ११, वीरगंज महानगरपालिका

## वीरगंज महानगरपालिका–६ रेशमकोठीस्थित इनरबाइपासनजीकका जग्गा बिक्रीमा

सम्पर्कः ९८२६२८४९२५





| नं. | पूर्व | पश्चिम | उत्तर | दक्षिण | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | २७...६" | २७...६" | ५१...९" | ४८...९" | ०-०-७-८ |
| २ | २८... | २८... | ४८...५" | ४८...९" | ०-०-७-८ |
| ३ | २८...५" | २८...२" | ४८...९" | ४८...३" | ०-०-७-८ |
| ४ | २८...५" | २८...५" | ४८...३" | ४८... | ०-०-७-८ |
| ५ | ४५...४" | ४६...४" | ४८... | ४७...६" | ०-०-१२ |

**सकारात्मकता बोकेको असन्तोषले मानिसलाई प्रगतिपथमा लैजान्छ ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## बहिष्कार गरे सुधार सम्भव

**दाइजो कानूनतः अपराध हो। तर यो अपराध अहिलेसम्म समाजका प्रायः सबैजसो तह र तप्काका मानिसले गर्दै आइरहेका छन् । कानूनीरूपमा अपराध भएको कारण दाइजो लिएको कसैले पनि सामाजिक वा सार्वजनिकरूपमा स्वीकार्दैनन्। वैवाहिक कार्यक्रममा केटीपक्षले केटापक्षलाई दिने नगदनारायणलाई दाइजो भन्ने गरिन्छ । दाइजो प्रथाले तराई–मधेसमा नराम्ररी जरा गाडेको छ। दाइजोको कारण यहाँका छोरीहरू शिक्षाबाट वञ्चित हुनुपरेको छ। निम्न र मध्यम वर्गमा छोरी जन्मेपछि दाइजोको कारणले परिवारलाई चिन्तित पारेको हुन्छ। बिहे गर्दा केटापक्षको मागबमोजिमको रकम नदिएको कारण कतिपय केटीहरूको वैवाहिक कार्यक्रम रोकिएको उदाहरण हाम्रो समाजमा छ।**

**दाइजोले यतिसम्म समाजलाई कुरूप पारेको छ कि दाइजो नलिने मनस्थिति बनाएका परिवार पनि दाइजो लिने पक्षमा खडा हुन थालेका छन् । अन्यले गरेको देखासिखीमा दाइजो समाजमा क्यान्सरझैं फैलिएको हो । सामान्य भाँडा माझ्नेले पनि छोरीको बिहे गर्दा न्यूनतम तीन लाख नगदको जोहो गर्नुपर्छ। यो समाजको कटु सत्य हो । जोसुकैले आदर्शको कुरा गरे पनि दाइजो लिनेमा उसको विमति हुँदैन। ओहोदामा पियनदेखि न्याय सम्पादन गर्नेसमेतले दाइजो लिएका उदाहरणहरू हाम्रो समाजमा छ । पैसा देखेपछि महादेवको पनि त्रिनेत्र खुल्छ भन्ने उखान छ । यस्तोमा दाइजो लिन्नँ भन्नेहरूको कमी पनि छैन। घोषणा बहादुरहरू पैसाको कुरा आएपछि उखानझैं त्रिनेत्र खोल्छन् । दाइजो नलिएर विवाह गरेको घोषणा कम हुने भएकाले पनि हाम्रो समाजमा दाइजो प्रथाको अवस्था आङ्कलन गर्न सकिन्छ । प्रायः दाइजो लिएर बिहे हुन्छन्, त्यसैले यसले चर्चा पाउने कुरा भएन। केवल यस्तोमा चर्चा हुन्छ लगाइ, खुवाइ, गरगहना, साजसजावट, आदि इत्यादिको । फलानोले यति दाइजो लियो तर खर्चमा कन्जुस्याइँ गऱ्यो अनि फलानोले त दाइजो पनि दियो, दरिलो गरी खर्च पनि गऱ्यो। दाइजोविरुद्धको कानून बनाउने र त्यसलाई समाजमा लागू गर्नुपर्ने दायित्व बोकेको सङ्घीय सरकार, प्रदेश सरकार अनि स्थानीय सरकारका जिम्मेवार व्यक्तिहरू पनि दाइजो लिएदिएको बिहेमा मात्र भेटिन्छन् । उनीहरूले कानूनतः अपराध भएको यस खाले वैवाहिक कार्यक्रममा दाइजो लिनेदिने काम भएको छ, छैन सोको सामान्य जानकारी पनि नलिएर आपसी चिनजान, नाता, सम्बन्ध अनि प्रभावको पछि परेर सहभागी हुन्छन् । जब जिम्मेवार व्यक्तिले कानूनतः अपराधलाई वैधानिकता प्रदान गर्न सघाउँछ भने समाजमा विकृति मौलाउनु स्वाभाविकै हो।**

**यस्तो अवस्थामा पनि बारा प्रसौनी गाउँपालिका–४ का अनावरूल अन्सारी र वीरगंज महानगरपालिका–२ घुसुकपुरकी समिना प्रवीणको दाइजोरहित वैवाहिक कार्यक्रममा सहभागी भएका सामाजिक कार्यकर्ता, अगुवा र सञ्चारकर्मीहरू प्रशंसाका हकदार छन् । उनीहरूले सामाजिक विकृतिविरुद्धको वैवाहिक कार्यक्रममा आफ्नो सहभागिता जनाए । यसैगरी, दाइजो लिएर हुने वैवाहिक कार्यक्रम बहिष्कार गरिने हो भने समाजबाट केही समयमैं दाइजो प्रथा उन्मूलन हुन बेर लाग्दैन ।**

# पुनः मुसकौ भवः भएका छन्, हाम्रा महामहिमहरू

स्वतन्त्र विचार



**वैधनाथ ठाकुर**
baidhnath2071@gmail.com

**हिजोसम्म तुरुन्त नैतिकताको आधारमा ओलीको राजीनामा माग्नेहरू फेरि एमालेमैं सांसद पद जोगाउन फर्केको देखेर वास्तवमा नेताहरूलाई देश र जनताभन्दा आफ्नो पद नै ठूला लाग्दो रहेछ भन्ने कुरा स्पष्ट भएको छ ।**

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको अन्तर्घुलनले नेपालको संसदीय राजनीतिमा इतिहास नै कायम गरेको छ। नेकपाको निर्माण हुने बित्तिकै आमनागरिक जो कम्युनिस्ट सत्ता चाहन्छ, खुशी छाएको थियो । तर यो खुशियाली धेरै दिन टिक्न सकेन। पार्टी एकीकरणपश्चात् राखिएको नाम नेकपा पहिलेदेखिको डिजाइन अनुसार राखिएको थियो भन्ने कुरा यतिखेरको घटनाक्रमहरूले पुष्टि गरेका छन् । एकातर्फ नेकपाको घोषणा हुनु अर्कोतर्फ उक्त नामको कम्युनिस्ट पार्टी पहिलेदेखि नै रहेको कुरा ऋषि कट्टेलले अदालतमा मुद्दा गरेपछि पनि नामतर्फ प्रमुख नेता कमरेडहरू खासगरी खड्गप्रसाद शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल, भीम रावल, वामदेव गौतम जस्ता नामचिनहरूको पनि त्यसतर्फ ध्यान गएको देखिंदैन । दुई कम्युनिस्ट पार्टीको अन्तर्घुलन कार्यले देशमा पहिलोचोटि कम्युनिस्टहरूको दुई तिहाइको सरकार बन्ने भएपनि त्यो सरकारले तीन वर्ष बित्दा पनि नेताहरूको कुर्सीको लडाइँबाहेक अरू खासै केही गरेको देखिएन । खासगरी नेकपाको प्रथम अध्यक्ष तथा देशका प्रधामन्त्रीले पुस ५ गते संसद् विघटन गरिदिएपछि अवस्था झन् भयावह हुन पुग्यो। पदका लोभीहरू आआफ्नो स्वार्थ जता पूरा हुने देख्थे, त्यतैतिर खुलेआम लाग्न थाल्थे । यसक्रममा नेकपाको निर्माणमा निकै लामो उकालो–ओरालो बेहोरेका माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतम, भीम रावललगायतका खासगरी यो महाधिवेशनमा ओलीसँग पराजित भएकाहरूले आफ्नो हारको बदला तथा आफूले चाहेको पद पाउन पुष्पकमल दाहाल प्रचण्डको प्यानल (समूह)मा लागे । त्यसैगरी, ओलीको समूहमा पनि तत्कालीन नेकपा माओवादी केन्द्रका पिलरहरू लागे। ओली र प्रचण्ड, माधव, झलनाथ समूहबीचको आरोप–प्रत्यारोप शत्रुभन्दा पनि निकृष्ट देखियो। एकले अर्कोलाई प्रतिक्रियावादी भन्ने, विदेशी दलाल भन्ने जस्ता कुराहरू आम हुन पुगेको थियो। सूर्य चिह्न र नेकपा आफूहरूले नै पाउने दाबी दुवै समूहले चर्को स्वरमा गर्न थालेको बेला अदालतले नेकपा ऋषि कट्टेललाई जिम्मा लगाइदियो। अदालतको यस निर्णयले नेकपाभित्रको दुवै गुटमा ठूलो भुइँचालो गयो ।

अहिले नेकपा एमाले र नेकपा माओवादी केन्द्र दुवै पुरानै पार्टीको रूपमा स्थापित भए । मरेको लाश घाटमा ब्यूँतियो भने मलामीको हाल के होला ? यतिबेला त्यही अवस्थामा एमाले र माओवादी केन्द्रमा मन नलागी–नलागी केवल संसदीय सिट जोगाउन बाध्य भएका नेताहरूको बोलीवचनले निर्लज्जताका सबै सीमा नाघिसकेका छन्।

प्रचण्ड समूहका खरो नेताको रूपमा प्रस्तुत हुने एमालेका नेता भीम रावल यतिबेला एक सार्वजनिक कार्यक्रममा भन्दै थिए, “केपी ओलीको पार्टी नै होइन, त्यो त गुट हो। गुटसँग कहाँ बहुमत छ र पार्टी एकता गर्ने ? तर व्यक्ति–व्यक्ति रूपान्तरित हुने कुरा गर्ने हो भने विगतमा जे जस्तो भयो तर सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गरिसक्यो हामीसँग गल्ती भयो, अब मिलेर जाऔं भन्ने हो भने हामीले त्यसमा नाइँ भन्ने कुरो छैन ।”

हिजोसम्म ओलीलाई सबैभन्दा निकृष्ट मानिसको रूपमा चित्रण गर्ने माधवकुमार नेपालले सार्वजनिकरूपमा ओली सरकारको निरन्तरताको सवालमा भन्छन्, “सरकारको मानिसले मसँग कुरै गरेको छैन ।” पदका लोभीहरू आफ्नो सांसद पद जोगाउन फेरि एमालेमैं फर्केका छन् तर तिनीहरूको अवस्था यतिबेला हेर्न लायकको भएको छ । हिजोसम्म तुरुन्त नैतिकताको आधारमा ओलीको राजीनामा माग्नेहरू फेरि एमालेमैं सांसद पद जोगाउन फर्केको देखेर वास्तवमा नेताहरूलाई देश र जनताभन्दा आफ्नो पद नै ठूला लाग्दो रहेछ भन्ने कुरा स्पष्ट भएको छ ।

संसद् पुनर्स्थापनापछि संसद्मा सबैभन्दा ठूलो पार्टीको रूपमा फेरि पनि नेकपा एमाले नै देखिएको छ तर सरकार बनाउन अझै उसको आफ्नै सङ्ख्याले पुगेन । यतिबेला नेपाली काङ्ग्रेस तथा जनता समाजवादी पार्टीसँग नेकपा एमालले छलफललाई धनीभूत बनाएको छ । नेकपा माओवादी केन्द्रसँग नेकपा एमालेले हालसम्म कुनै सम्पर्क नै गरेको छैन। उता जसपाका राजेन्द्र महतो तथा महन्थ ठाकुरले तीनवटा माग अघि सारेका छन् । तीनवटा मागमा पहिलो जेलभित्र रहेका निलम्बित सांसद रेशम चौधरीलगायत सबैलाई रिहा गर्नुपर्ने, दोस्रो संविधान संशोधन गर्नुपर्ने, तेस्रो अब देशको नेतृत्व आफूहरूले गर्न पाउनुपर्ने अर्थात् मधेसीले प्रधानमन्त्री पद पाउनुपर्ने ।

पर्वते समाजमा एउटा उखान छ– ‘नपत्याउने खोलाले पनि बगाउँछ ।’ राजनीतिक घटनाक्रम अगाडि बढ्दै जाँदा कहिलेकाहीं नपत्याउने खोलाले पनि बगाउँछ । अर्थात् यतिबेलाको माहोलले राजनीतिक समीकरण यही नै हुन्छ भन्न गाऱ्हो भएपनि ‘छेउको सियो माझैमा कुनै बेला’ भने जस्तै मधेसी समुदायका व्यक्ति पनि प्रधानमन्त्री नबन्ला भन्न सकिन्न । तर जहाँसम्म मधेसी दलले भने मुताबिक संविधान संशोधनको प्रश्न छ, त्यो अझै पनि ‘दिल्ली निकै टाढा छ’ जस्तै छ। किनभने संविधान संशोधनको लागि दुई तिहाइ बहुमत चाहिन्छ, जसको लागि काङ्ग्रेस, जसपा, माओवादी केन्द्र र नेकपा एमाले सबै मिल्न जरुरी हुन्छ। निकट भविष्यमा यस्तो समीकरण बन्ने कुनै सम्भावना देखिएको छैन तर अन्ततः संविधान संशोधनको एजेन्डा छोडेर पनि मधेसी दल भोलिको दिनमा एमालेसँग मिलेर सरकारमा गयो भने त्यसमा कुनै आश्चर्य मान्नुपर्ने छैन ।

नेपालको राजनीतिमा खासगरी २०५२ फाल्गुन १० गतेदेखि प्रचण्ड निकै नै सुनिएको नाम हो । प्रचण्डपथ भनेर जुन सशस्त्र विद्रोह भयो, त्यसले दश वर्षमा प्रचण्डको एउटा छवि, व्यक्तित्व निर्माण गरेकै हो । यो जति सत्य हो, त्योभन्दा ठूलो सत्य यो पनि हो कि प्रचण्डको कुर्सी मोह चाहिं त्यो पार्टीको अध्यक्षको होस् वा प्रधानमन्त्रीको, त्यसले गर्दा उनको दुःखका दिनका पिलरहरू रामबहादुर थापा, मोहन वैद्य, डा बाबुराम भट्टराई, नेत्रविक्रम चन्द, मातृका यादवलगायतका साथीहरू उनीसँग छुट्टिंदै गए र अन्त्यमा थोकेको, हारेको प्रचण्ड जीवनमा कहिले मन नपराएका ओलीको शरणमा जानुपऱ्यो । पछि प्रचण्डलाई आफ्नो तृष्टी पूरा गर्न माधव, झलनाथ समूहले उचालेर एकचोटि फेरि सिंह बनाउने प्रयास गर्दा ओलीले ‘पुनः मुसकौ भवः’ अर्थात् ‘फेरि मुसा नै बन’को अवस्थामा ल्याइदिए ।

# पतिङ्गर सोहरेर इन्धन र अतिरिक्त आर्जनको जोहो

महोत्तरी, २८ फागुन/रासस

वसन्त ऋतुअघि नयाँ पालुवा फेर्न वनक्षेत्रका रूखले झारेका पुराना पात महोत्तरीका गरीब महिलाका लागि घरको इन्धनको आवश्यकता र अतिरिक्त आम्दानीको जोहो बनेको छ।

जिल्लाको बर्दिबास र गौशाला नगरपालिकामा पर्ने पूर्व–पश्चिम राजमार्गको दायाँबायाँका वनक्षेत्रमा टाढाटाढाका गरीब महिला पतिङ्गर बटुल्न व्यस्त देखिन्छन् । पतिङ्गर सोहोर्नेको आवागमनले अहिले वनक्षेत्रमा चहलपहल निकै बढेको छ ।

वनक्षेत्रमा टाढाटाढाबाट पतिङ्गर सोहर्न पुग्नेमा मुसहर, बाँतर समुदायका दलित महिला बढी भेटिन्छन्। बर्दिबास, गौशालाबाहेक जिल्लाका औरही र भङ्गाहा नगरपालिकाका मुसहर, बाँतर जाति समुदायका महिला १५/२० किलोमिटर छिचोलेर पतिङ्गर सोहोर्न अहिले वनक्षेत्र पुग्ने गरेका हुन् ।

वनक्षेत्रको असरल्ल पतिङ्गर खरेटोले बटुलेर थुपार्नु, ठूलठूला टाला र बोरामा हालेर बाँध्नु र ओसार्नु यी महिलाको अहिलेको दैनिकी हो । वनक्षेत्रमा बटुलिएको पतिङ्गर आफ्नैलागि खाना पकाउने इन्धन हुने र किसानले किनिदिंदा अतिरिक्त आर्जनसमेत भएपछि यो काममा गरीब महिलाको आकर्षण बढेको हो ।

उखु, परवल, ओललगायतका नयाँ खेती (भर्खर रोपिएको)मा माटोको चिस्यान नमरोस् भन्न झ्यास र पतिङ्गरले छोप्ने गरिन्छ। यो प्रयोजनका लागि किसानले पतिङ्गर किन्ने भएका हुँदा दलित महिलामा यस कामप्रति लगन र जाँगर बढेको हो । पछिल्ला केही वर्षयता परवल र ओल खेती गर्ने किसानको सङ्ख्या र क्षेत्रफल बढ्दै गएपछि मुसहर महिलाका लागि पतिङ्गर अतिरिक्त आम्दानीको स्रोत बनेको छ। ओल र परवल रोपेपछि माटोको चिस्यान



तस्वीर: सौजन्य

बचाइराख्न पतिङ्गरले छोप्ने गरिएकाले जिल्लामा पतिङ्गर आम्दानीको स्रोत बनेको यो काममा लागेका मुसहर महिला बताउँछन्। “जङ्गलको गिरल पत्ता समेट्क एक ठाम करैछी” (वनमा पतिङ्गर सोहोरेर एक ठाउँ जम्मा गर्छौं) पतिङ्गर सोहोर्न बर्दिवास–८ हाथीलेटको सागरनाथ वन विकास परियोजनाको प्लटमा पुगेकी भङ्गाहा–४ रामनगरकी भुट्ठी सादा मुसहरले भनिन्, “खेती करवालासब् अही ठाम आ’क ललेइछै” (किसानले यहीं आएर लिने गर्छन्)। सोहोरेर थुपारिएको पतिङ्गरबाट राम्रै रकम पाउने गरिएको यस काममा लागेका महिलाको भनाइ छ।

यी गरीब समुदायका लागि वसन्त ऋतु प्रतीक्षा हुन्छ । “कहिया पतझड (वसन्त ऋतु) आयत, जे पत्ता समट् जङ्गल जाई,” (कहिले वसन्त आउला र वनमा पतिङ्गर बटुल्न जाउँ भन्ने प्रतीक्षा हुन्छ) भुट्ठीकै छिमेकको बस्ती पलारकी बाँतरदायकी शिलो बाँतरले भनिन् ।

वनको पतिङ्गर थप आम्दानीको स्रोत र आफ्नै घरमा खाना पकाउने इन्धन हुने गरेको छ। किसानले वनमैं बोरा र ठूलठूला टालासमेत दिएर पतिङ्गर जम्मा गरिदिएबापत रकम दिन्छन् । बटुलेकै ठाउँमा रकम पाएपछि घर फर्कने बेलामा इन्धनका लागि भने आफैंले बोकेर लाने गरेको गौशाला नपाको लक्ष्मीनियाँस्थित परियोजनाको प्लटमा पतिङ्गर सोहोरिरहेकी औरही नगरपालिकाको टिम्किया बस्तीकी दियावती सादाले बताइन् ।

अहिले खेतीपातीमा धमाधम बेला नभएकाले मुसहर, बाँतर महिलाका लागि फुर्सदको उपयोग गर्दै केही आर्जन गर्न वनजङ्गलमा पतिङ्गर सोहोर्नु खास अवसर भएको छ । मुसहर, बाँतर समुदायका महिलाको मुख्य काम कृषि मजदूरी हो। धान, गहुँ काट्ने र रोपाइँका बेलामा यिनलाई गिरहत (जग्गाधनी किसान)को काममा लाग्नुपर्छ। अहिले खेतीको व्यस्त समय नभएको हुँदा घरको इन्धन र अतिरिक्त आर्जनका लागि पतिङ्गर बटुल्नु खास अवसर भएको भङ्गाहा–३ सखरीटोलकी उजरी बाँतरले बताइन्।

“हजुर, अखैन गिरत सब्के खेतमें कोनो काम नइ अई,” (हजुर अहिले मालिकका खेतमा कुनै काम छैन) उजरीले भनिन्, “तही स दु चार ढौवाके जोगारमे लागल छि,” (त्यसैले दुई/चार पैसा आर्जन हुने काममा छौं) ।

जिल्लाको भङ्गाहा नगरपालिकाका सकरी, बनरा, रामनगर, टिकुलिया, भीमगढ, हतिसर्वा, सिङ्ग्याही, धर्मपुर, हरिहरपुरहरिनमरी र औरही नगरपालिकाको सोनामाई, टिम्किया, चेप्कोट, भोइलसहितका बस्तीबाट आएका दलित महिलालाई अहिले जिल्लाको उत्तरी क्षेत्रस्थित वनक्षेत्रमा पतिङ्गर सोहोर्न भ्याइनभ्याइ छ ।

माघदेखि चैतसम्म वनका रूखका पुराना पात झर्ने र वैशाखमा नयाँ पात फेरिने गर्छ । हिउँदे वर्षा हुँदा वनका असरल्ल पात बटुल्न सजिलो हुने यस काममा लागेका महिलाको भनाइ छ । तर यसपालि हिउँदे वर्षा नभएको हुँदा असरल्ल पातपतिङ्गर बटुल्न बढी समय लाग्ने गरेको छ। अहिले पछिल्लो एक सातायता दैनिकजसो १००/१५० को हाराहारीमा मुसहर र बाँतर महिला वनमा पतिङ्गर सोहोरिरहेका भेटिने गरेका छन्।

मुसहर, बाँतर महिलाले सोहोरेका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

वाटिका

वर्ष-३४ २०७७ फागुन २९ गते शनिवार 2021 March 13 Saturday



# बदलिंदो वैवाहिक पद्धति र हुनुपर्ने नवीनता

विवाह निकै परम्परागत संस्कार हो। पहिलेदेखि नै भगाएर वा अपहरण गरेर गर्ने विवाह प्रचलनमा रहे पनि परम्परागत विवाह वा दुवैतिरका अभिभावकको मन्जुरीमा गरिने विवाहको मान्यता आफ्नै किसिमको रहेको छ। हाम्रो सामाजिक परम्परामा अहिले पनि अभिभावकको

स्वान्तः सुखाय



सञ्जय मित्र

mitrasanjay41@gmail.com

**हाम्रो वैवाहिक परम्परागत संस्कार हरायो भने यससित सम्बन्धित विभिन्न लोकगीत तथा संस्कारका पद्धतिहरू पनि इतिहासमैं विलीन हुने खतरा रहने कुरामा दुई मत नहोला। संस्कृतिको क्षेत्रमा सकारात्मक दृष्टिकोण राख्ने र मौलिक संस्कृतिलाई माया गर्नेहरूले गम्भीरतापूर्वक विचार गर्नु समयको माग भइसकेको बुझ्नुपरेको छ।**



प्रतीकात्मक तस्वीर

स्वीकृति वा अनुमतिमा अथवा अभिभावकले नै खोजिदिएर सम्पूर्णरूपमा अभिभावककै निर्देशनमा विवाह हुँदा राम्रो मान्ने चलन रहेको छ। यद्यपि अन्तर्जातीय विवाहले पनि सामाजिक स्वीकृति पाउँदै गएको छ।

अभिभावकको स्वीकृति तथा निर्देशनमा हुने विवाह प्रायः धूमधामले हुने गरेको छ। यस विवाहमा अभिभावकले सबै किसिमले खुलेर खर्च गरेका हुन्छन्। आफ्नो शक्ति र क्षमता सबै अभिभावकले देखाउने अवसर पाउँछन्। यसैले अभिभावकले आफ्ना छोराछोरीको विवाह गर्दा आफ्नो क्षमता देखाउने अवसर पनि पाएका हुन्छन् भनिन्छ। सम्भवतः यसै कारण अभिभावक बढी खुशी वा सन्तुष्ट हुने गरेका छन्।

पहिलेको विवाह र अहिलेको विवाह पद्धतिमा धेरै भिन्नता आइसकेको छ। पहिले ग्रामीणदेखि शहरी क्षेत्रसम्म विवाहका सम्पूर्ण पद्धति बेहुली पक्षको घरको मडवामा सम्पन्न हुन्थ्यो। अहिले स्वयंवरको प्रचलन अत्यधिक बढेको छ। स्वयंवरको प्रचलनले गर्दा विवाहको पद्धति परिवर्तन भएको छ।

पहिले विवाह हुँदा विवाहमा जाने दुलहा पक्षका केही विशिष्ट मानिसहरूको मडवामा ठूलो स्वागत तथा सम्मान हुन्थ्यो तर अहिले यसले अर्कै रूप लिएको छ। दुलही पक्षको घरको आँगनमा बनाइएको मडवामा पण्डितजीको पनि ठूलो सम्मान हुन्थ्यो। पण्डितजीले गर्वले विवाह गराउँथे। दुलहा र दुलही दुवैतिरका अभिभावकका मुख्य आफन्त तथा गन्यमान्य मानिसहरू मडवाको चारैतिर बसेर विवाहको साक्षी बस्दथे। त्यस विवाहमा निकै ठूलो हार्दिकता र आत्मीयता हुन्थ्यो।

अहिले परिवर्तित पद्धतिमा बिहेको एक भाग माला लगाउने काम थपिएको छ। दुलहा-दुलहीले एकले अर्कालाई माला लगाएपछि ताली बजाउनेदेखि जे जे गर्नुपर्ने हो, गरिन्छ। अनि खाना खाएर प्रायः मानिस फर्किन्छन्। विवाह हेर्न गएका मानिसले पनि विवाह हेर्न पाउँदैनन्। माला लगाउने पद्धति हेरेर फर्किरहेका हुन्छन्। यसको सकारात्मक पक्ष यो भएको छ कि विवाहमा जाने जति सबैले दुलहीलाई भने हेर्न पाउँछन्। परम्परागत विवाह पद्धतिमा दुलहीको अनुहार हेर्नु दुर्लभ कार्य हुन्थ्यो।

अहिले स्टेजमा हुने रमाइलोलाई नै विवाहको पद्धतिमा थप केही फ्युजन गर्न सकिन्छ। अहिले बनाइने स्टेजमा नै मडवा पनि बनाउने र अहिले हुने कामलाई जस्ताको त्यस्तै सम्पन्न गरी त्यहीं मडवा बनाइएको हुनाले पण्डितजीले सबैको अगाडि आफ्नो पद्धति पनि गर्दा हुन्थ्यो। जसरी अहिले स्टेजको एक पक्ष र घरभित्र अर्को पक्ष गरी विवाहलाई दुई पक्षमा विभाजन गरी पद्धति बनाइएको छ, यसमा थोरै परिमार्जन गर्ने हो भने पण्डितजीको विवाह पद्धतिलाई पनि दुवैतिरका सम्मानित सबैले हेर्न पाउँथे। मलाई के लाग्छ भने पण्डितजीको कामको सम्मान झन् बढी बढ्ने हुन्छ। विद्वताको कदर हुने र पण्डिजीको काममा पनि केही परिष्कार हुने हुन्छ। यसले गर्दा पण्डितजीलाई केही थप आर्थिक लाभ पनि हुने सम्भावना हुन्छ।

जहाँ सयौंजना हुन्छन्, त्यहाँ पण्डितजीले आफूले गराउने विवाहको रेकर्ड पनि राख्न थालिन्छ। सयौंजनाको बीचमा पण्डितजीको पद्धतिलाई भिडियो क्यामराले रेकर्ड गर्दा पण्डितजीको सम्मान बढ्ने, पण्डितजीले पनि उच्च आसन पाउने तथा पण्डितजीको सामाजिक मूल्यमा थप वृद्धि हुने निश्चित हुन्छ। वर्तमान अवस्थाको विवाह पद्धतिले पण्डितजीको कामलाई गौण बनाइदिएको छ, जुन वास्तवमा विवाहको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो।

अहिले विवाहको जुन पद्धति स्टेजमा भइरहेको छ, त्यो नवीनता हो र स्टेजको पद्धतिपछि जुन पद्धति घरको मडवा भइरहेको छ, त्यो परम्परागत पद्धति हो। दुई अलग-अलग काम जस्तो भइसकेको विवाह संस्कारकै परम्परागत र नवीन पद्धतिमा फ्युजन गराएर दुवैलाई एकै स्टेजमा नै गराउँदा निकै राम्रो हुन्थ्यो। हाम्रो समाजमा परम्परादेखि नै बनाइँदै आएको मडवालाई नै केही सुधार गरी स्टेजको स्वरूप दिने जसमा आफ्नो सामाजिक परम्परागत संस्कार झल्कियोस् र जसलाई देश-विदेशका मानिसहरूले फेसबूक, अनलाइन वा अन्य सामाजिक सञ्जालका साथै रेकर्ड भिडियोलाई हेर्दा विवाह पद्धतिको परम्परागत स्वरूप पनि झल्कियोस्। परम्परागत पहिरन तथा परम्परागत संस्कार र मूल्य मान्यताहरू स्टेजमा नआएर एउटा कुनामा थन्किएको छ, जसको मूल्यमा बिस्तारै ऱ्हास आउने सम्भावना पनि बढाएको छ। यस अर्थमा अहिलेका मुख्य पण्डितजीहरू, विवाहको संस्कारका जानकारहरू, संस्कृतिविद् तथा बुद्धिजीवीहरूले मिलेर एउटा निष्कर्ष निकाली हाम्रो सामाजिक पद्धतिको वैवाहिक संस्कारलाई नवीनतासित जोडेर विश्वव्यापीकरण गर्नु आवश्यक भइसकेको छ। हाम्रो मौलिक पद्धतिलाई बचाउनु उत्तिकै जरुरी छ र आधुनिकतासित पनि एकाकार गर्नु आवश्यक देखिएको छ। यी दुवै अवस्थालाई एकाकार गरिएन भने हाम्रो मौलिक पद्धतिको हविगत के होला भन्न सकिन्न। यसप्रति समयमैं सबै पक्षको ध्यानाकर्षण हुनु आवश्यक छ। हाम्रो वैवाहिक परम्परागत संस्कार हरायो भने यससित सम्बन्धित विभिन्न लोकगीत तथा संस्कारका पद्धतिहरू पनि इतिहासमैं विलीन हुने खतरा रहने कुरामा दुई मत नहोला। संस्कृतिको क्षेत्रमा सकारात्मक दृष्टिकोण राख्ने र मौलिक संस्कृतिलाई माया गर्नेहरूले गम्भीरतापूर्वक विचार गर्नु समयको माग भइसकेको बुझ्नुपरेको छ।

# छानी पर कौवा बोलता

छाना वा आँगनमा कागको काँव-काँवलाई आफन्त आगमनको सूचक मानिन्थ्यो। उहिले सञ्चारमाध्यम थिएन। एकअर्काको हालखबर बुझ्न आजको जस्तो सर्वसुलभ प्रविधि थिएन। माइतीको हालखबर जान्न छोरीहरू आतुर रहन्थे। घरको छानामुनि जीवन स्वीकार

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

**आमाले सजिलोसँग उत्तर फर्काइन्, "कौवा भी बोलता आ हम सपना में भी देखनीं ह कि तोहर मामा बोलावे आइल बाडन्। (काग पनि बोलिरहेको छ अनि मैले सपनामा पनि देखें कि तिम्रो मामा बोलाउन आएका छन्)।"**

गर्ने महिलाहरूको खुशी घुम्टोमा सीमित थियो। अपवादबाहेक माइतीदेखि ससुराल र ससुरालदेखि माइतीसम्म मात्र महिलाहरूको गन्तव्य हुन्थ्यो। माइतीका आफन्तजन मात्र होइन अन्य जीवजन्तुको आगमनले पनि सुखानुभूति प्रदान गर्दथ्यो। मन प्रफुल्लित हुन्थ्यो। माइतीबाट बुबा, दाइभाइको आगमनपश्चात् प्रथमतः छोरीहरू खुट्टा समातेर रुने भावविह्वल क्षणको बयान गर्न कठिन छ। 'चुप बबी चुप, मत रोव' अर्थात् शान्त होऊ नानी, नरोऊ भनेपछि अश्रुधारा बन्द हुन्थ्यो। त्यसपछि एकअर्काको हालखबर सोध्ने र भन्ने गरिन्थ्यो।

यही सेरोफेरोमा आधारित एक कथाको माध्यमबाट विगतको ग्रामीण अनुभूति प्रस्तुत छ।

दिउँसोको समय थियो। 'काँव-काँव' कागको झुन्ड घरको छानामा कराइरहेको थियो। वरिपरि काँव-काँवको कोलाहल गुञ्जिरहेको थियो। एक काग प्वाँख फर्फराउँदै आँगनमा आयो। चापाकलको टुप्पोमा बस्यो। कावँ-कावँ गर्न थाल्यो। एकजना बालक आँगनमा खेलिरहेका थिए। बच्चाको ध्यान कागतर्फ केन्द्रित भयो। 'उड कौवा उड' भन्दै बच्चाले हात हल्लाउँथ्यो। प्वाँख फैलाउँदै काग उडे जस्तो गर्दथ्यो। तर उड्थेन। शायद कागलाई बच्चासँग कुनै भय थिएन। सम्भवतः काग केवल अभिनय गरिरहेको थियो। केहीबेरपछि बच्चाले हात हल्लाउन छाड्यो। उसको ध्यान कागको काँव-काँवमा अड्किसकेको थियो। ऊ कागलाई एकोहोरो हेरिरहेको थियो। केही सोचिरहेको मुद्रामा थियो। शायद उसको दिमागमा केही कुरा खेल्न थाल्यो। अनायाश उसको पाइला अघि सर्न थाल्यो। यद्यपि उसको ध्यान भने कागतर्फ नै केन्द्रित थियो। बच्चाको पाइला बिस्तारै कोठाभित्र सरिरहेको थियो। काग ओझेल हुँदै गयो। बच्चा पूर्णरूपेण कोठाभित्र पस्यो। कागहरूको क्रन्दनलाई खपडाको घरले छेक्न सकिरहेको थिएन। कागहरूको आवाज मजाले कोठाभित्र पुगिरहेको थियो।

बच्चाले सुतिरहेकी आमालाई उठाउन थाल्यो। झकझकाउन थाल्यो। बच्चाको कोलाहलले पनि आमा अचेत निद्रामा थिइन्। आँखा खुल्थ्यो। कोल्टो फेर्थिइन्। पुनः अचेत मुद्रामा पुग्थिइन्। बच्चाले कराउँदै भन्न थाल्यो, "माई-माई होदे छानी पर आ कल पर कौवा बैठल बा, बोलता, जोड-जोडसे बोलतारसन। (आमा चापाकलमाथि काग बसिरहेको छ, बोलिरहेको छ, जोडजोडले



बोलिरहेको छ।)

बिहान ४ बजे उठेदेखि दिउँसोसम्म काम गर्दागर्दै आमालाई आराम गर्ने फुर्सद हुन्थेन। काम सकेपछि मात्र मध्याह्नमा केहीबेर आराम गर्ने मौका पाइन्थ्यो। र त्यो पनि सासू, ससुरा, पति र देवर खेतबाट नफर्किउन्जेलसम्म। केहीअघि मात्र आमा ओछ्यानमा गएकी थिइन्। थाकेकी उनी ओछ्यानमा पल्टिने बित्तिकै आँखा लाग्यो। गहिरो निद्रामा रहेकी उनको अनुहारमा मुस्कान झल्किरहेको थियो। शायद उनी सपनामा थिइन्। नजीकै रहेको बच्चाको ठूलो स्वर पनि उनको कानसम्म पुगिरहेको थिएन। बच्चाले ठूलो स्वरसँगै पुनः आमालाई झकझकाउन थाल्यो। एक्कासि उनी उठिन्। बसिन्। बच्चालाई काखमा लिइन्। बच्चालाई हेर्न थालिन्। चुम्न थालिन्। सुम्सुम्याउन थालिन्।

आमाले आँखा मिच्दै र कपाल बाट्दै प्रश्न गरिन्, "का भइल हमर बच्चा ? मामा आगइलन का ?" (के भयो मेरो बाबु ? मामा आउनुभयो ?) उनले सपनामा दाइ आएको देखेकी थिइन्।

बच्चाले उत्तर दियो, "ना माई, कौवा बाडा बोलता। काहे बोलता माई ?" (होइन आमा, काग बढी बोलिरहेको छ, किन बोलिरहेको छ आमा ?) भन्दै प्रतिप्रश्न गऱ्यो।

आमाले सजिलोसँग उत्तर फर्काइन्, "कौवा भी बोलता आ हम सपना में भी देखनीं ह कि तोहर मामा बोलावे आइल बाडन्। (काग पनि बोलिरहेको छ अनि मैले सपनामा पनि देखें कि तिम्रो मामा बोलाउन आएका छन्)।"

अहिले छानामा कागको झुन्ड थिएन। सबै उडिसकेका थिए। वरिपरि कागहरूको कोलाहल थिएन। मानवीय स्वर घरभित्र पुगिरहेको थियो। आवाज यकीन गर्ने प्रयासमा उनी आवाजतर्फ ध्यानकेन्द्रित गरिन्। मिश्रित आवाज आइरहेको थियो। यद्यपि सासू र ससुरासँगै दाइको जस्तो आवाज पनि महसूस गरिन्। यद्यपि शतप्रतिशत यकीन नभए पनि आशङ्का भयो। परिवारजन खेतबाट फर्किएपछि सीधैं घरभित्र छिर्थे। आज आउने बित्तिकै घरभित्र छिरेनन्। घरअगाडि आँप र पीपलको बोट थियो। त्यहींबाट एकअर्काको मिश्रित शब्द ध्वनि कानसम्म पुगिरहेको थियो। सधैं कडा परिश्रम गरेर फर्केका परिवारजनलाई खाना खाने हतार हुन्थ्यो। आज किन बाहिर गफ भइरहेको छ ? भन्दै उनलाई शङ्का हुनु अस्वाभाविक थिएन। अवश्य पनि दाइ आएका छन् भन्ने लख काटिन्।

मनमा खुशीको भाव उत्पन्न भयो। कपाल र साडी ठीक पार्दै उनी घरको मुख्यद्वारतर्फ दौडिन्। परम्परागत काठको ढोकाको सानो प्वालबाट उनले बाहिर हेर्न थालिन्। उनले परिवारका सदस्यजनबाहेक दाइको पनि आवाज सुनिन्। औंधी खुशी भइन्। कागको काँव-काँव र उनको सपना सही साबित भएको थियो। ढोकाको सानो छिद्रबाट सासू, ससुरा र देवरको अनुहार मधुरो देखिइरहेको थियो। पति अहिलेसम्म आएका थिएनन्। उनी नितान्त शान्तिका साथ उनीहरूबीचको कुराकानी सुन्न थालिन्।

ससुराः घरवे साफा सुनसान हो जाला। फगुवा बितजाए दिं बाबुवा, तब कुछ दिन ला लेजाएम। (घर एकदम सुनसान हुन्छ। फागु पर्व बित्न दिनुस् बाबु, त्यसपछि केही दिनको लागि लैजानुहोला।)

दाइः बियाह भइल बा तब से बबी एकोबेर नईहर के फगुवा नइखे मनइले। अबकी बार जाएदीं बाबुजी। (विवाहपछि एकपटक पनि बहिनीले माइतीमा फागु पर्व मनाएकी छैनन्। यसपटक जान दिनुस् बुबा।)

सासूः बियाह के केतना दिनके बाद त पोता के जनम भइल। पवनी में पतोह आ पोता कहूँ चल जालन त घर साफा सुनसान हो जाला। मन ना लागेला। (विवाहको वर्षौंपछि नातिको जन्म भयो। पर्व त्योहारमा बुहारी र नाति कतै गएपछि घर एकदम सुनसान हुन्छ। मन लाग्दैन।)

दाइः ओने माई आ बाबुजी भी बेटी आ नाति से भेंट करेला बेचैन बा लोग। रउवा जेठ सरदार बानी, कौनो रास्ता निकाली बाबुजी। (उता आमा र बुबा पनि छोरी र नातिसँग भेट्न आतुर छन्। तपाईं अभिभावक हुनुहुन्छ, कुनै उपाय पहिल्याउनुहोस्, बुबा।)

दाइले बहिनीलाई यसपालिको फागु पर्वमा लैजानको लागि दिन राख्न आएका थिए। अभिभावकको स्वीकृतिविना बुहारीको बिदाइ असम्भव थियो। उहिलेको परम्परामा माइती पक्ष होस्

(बाँकी चौथौ पातामा)

लघुकथा

## परिवर्तन

- दिलीप गिरी

सरकारी जागीर खानको लागि बारम्बार दिएको लोकसेवा आयोगको परीक्षामा सफलता हात नमिलेपछि विकाश हैरान भइसकेको थियो। हुन पनि उसको एकमात्र सपना सरकारी जागीर खानु थियो। उसको गाउँमा प्रायः सबै घरका कम्तीमा एकजना सदस्य सरकारी जागीरे छन्। गाउँमा आफ्नो घरको इज्जत राख्नै भएपनि उसलाई सरकारी जागीरे हुनु थियो। त्यसका लागि उसले कम मेहनत नगरेको पनि होइन। उसको कोठा नै किताबहरूले भरिएको छ। तर कडा प्रतिस्पर्धाको बावजूद पनि उसको क्षमता सानै भयो।

एक दिन उसले अर्को गाउँको हर्केलाई भेट्यो, जो किरानापसल चलाउँछ र घरपरिवार राम्ररी चलाइरहेको छ। भेट भएपछि कुराकानीको क्रममा हर्केले भन्यो- "अब त पढाइ पनि भ्याउन लाग्यौ होला। अचेल के काम गर्दैछौ त ?" विकाशले मधुर स्वरमा भन्यो, "लोकसेवा आयोगको तयारी गर्दैछु।" फेरि हर्केले भन्यो, "पाँच वर्षअघि पनि यही कुरा भन्थ्यौ त। हैन तिमी तयारी मात्र गर्छौ कि जागीर पनि खान्छौ ?" त्यसपछि विकाशले बारम्बारको प्रयासमा पनि सफल हुन नसकेको र परिवारको इज्जत राख्नकै लागि भएपनि मेहनत गर्न नछोडेको कुरा बतायो। त्यसपछि हर्केले भन्यो- "मान्छौ भने तिमीलाई म एउटा उपाय बताउँछु।" उसले विकाशलाई शहरमा चियापसल खोल्ने उपाय बतायो साथै कर्जास्वरूप ५० हजार रुपैयाँ सहयोग गर्ने पनि बतायो। जिन्दगीमा पटक-पटक हरेश खाइसकेको विकाशले हर्केको त्यो विचार तुरुन्त मान्यो र दुई/चार दिनभित्रै उसले एउटा सानो चियापसल खोल्यो। बिस्तारै-बिस्तारै उसले दिनको १२-१५ सय रुपैयाँ आम्दानी गर्न थाल्यो। परिवारको जीवनशैली पनि बदलियो। उसको सोच बदलियो, विचार बदलियो। अब त ऊ लोकसेवाको अर्को किताब होइन अर्को पनि चियापसल खोल्ने विचारमा छ। आज ऊ गाउँको लागि प्रेरणाको स्रोत बनेको छ साथै जीवन गुजारा गर्नलाई सरकारी जागीर नै खानुपर्छ भन्ने उसको गाउँको नकारात्मक सोच पनि क्रमशः कम हुँदै गयो।

ओखलढुङ्गा-१२


# द्रोण पर्व-३५


महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

“दारुक, मेरोलागि स्त्री, मित्र अथवा बन्धु-बान्धव आदि कोही पनि कुन्तीनन्दन अर्जुनभन्दा प्रिय छैनन् । यस संसारलाई अर्जुनविना म एक क्षण पनि हेर्न सक्दिनँ । यस्तो हुनै सक्दैन । अर्जुनको लागि म कर्ण, दुर्योधन आदि सबै महारथीलाई उनीहरूको घोडा र हात्तीहरूसहित मार्न सक्दछु । भोलि सम्पूर्ण दुनियाँले थाहा पाइहाल्नेछ कि म अर्जुनको मित्र हुँ । जसले उसित द्वेष राख्दछ, उसले मसित पनि द्वेष राख्दछ । जो उसको अनुकूल छ, ऊ मेरो पनि अनुकूल छ । तिमी आफ्नो बुद्धिबाट यो कुरा निश्चय गर कि अर्जुन मेरो आधी शरीर हो । एकाबिहानै मेरो रथलाई सजाएर तयार गरिदिनू । त्यसमा सुदर्शन चक्र, कौमोदकी गदा, दिव्य शक्ति र शार्ङ्ग धनुषको साथै सबै आवश्यक सामग्री राखिदिनू । घोडालाई जोतेर तयारी राख्नू, मेरो पाञ्चजन्यको ध्वनि हुने बित्तिकै रथलाई बडो वेगले मेरोछेउमा ल्याउनू । म आशा गर्दछु, अर्जुनले जुन जुन वीरको वध गर्ने प्रयत्न गर्नेछ, त्यहाँ त्यहाँ उसको विजय हुनेछ ।” दारुकले भने- “पुरुषोत्तम, तपाई जसको सारथि हुनुहुनेछ, उसको विजय त निश्चित नै हुनेछ, उसको पराजय कसरी हुन सक्नेछ ? अर्जुनको विजयको लागि तपाईले मलाई जे गर्न आज्ञा गरिरहनुभएको छ, त्यसलाई बिहान हुने बित्तिकै म पूर्ण गर्नेछु ।”

सञ्जय भन्छन्- “राजन्, अर्जुन आफ्नो प्रतिज्ञा पूरा गर्ने विषयमा विचार गर्दै सुतिहाले । उनले फिक्री गरिरहेको कुरा थाहा पाई स्वप्नमैं भगवान् श्रीकृष्णले दर्शन दिए । भगवान्लाई हेर्ने बित्तिकै अर्जुन उनलाई बस्न आसन दिएर चुप लागेर उभिए ।” श्रीकृष्णले उनको निश्चयबारे थाहा पाई भने- “धनञ्जय, तिमी केको लागि खेद गरिरहेका छौ । बुद्धिमान् पुरुषले कुनै किसिमको फिक्री गर्नुहुँदैन, त्यसबाट काम बिग्रन्छ । गर्नुपर्ने काम सामु आइपरेपछि त्यसलाई पूर्ण गरिहाल्नुपर्दछ । उद्योगहीन मानिसको शोक त उसको लागि शत्रुझैं काम दिन्छ ।”

भगवान्ले यस्तो भनेपछि अर्जुनले भने- “केशव, मैले भोलि आफ्नो पुत्रको घातक जयद्रथलाई मार्ने बडो गाह्रो प्रतिज्ञा गरिसकेको छु, तर सोच्दछु मेरो प्रतिज्ञा भङ्ग गर्नको लागि कौरवहरूले निश्चय नै जयद्रथलाई सबैभन्दा पछाडि राख्नेछन् । जम्मै कौरव महारथीहरूले उसको रक्षा गर्नेछन् । एघार अक्षौहिणी सेनाहरूमध्ये जति बाँचेका छन्, ती जम्मैबाट घेरिएको जयद्रथलाई मैले कसरी हेर्न सक्नेछु ? यदि देखिएन भने प्रतिज्ञाको पालन हुन सक्नेछैन र प्रतिज्ञा भङ्ग भएपछि म जस्तो मानिसले कसरी जीवन धारण गर्न सक्नेछ ? त्यसैले मेरो आशा निराशाको रूपमा परिणत हुँदै गइरहेको छ । यसबाहेक अचेल सूर्य पनि छिट्टै अस्त हुने गर्दछ । यिनै कारणले म यस्तो भनिरहेको छु ।”



अर्जुनको शोकको कारण सुनेर श्रीकृष्णले भने- “पार्थ, शङ्करजीसित ‘पाशुपत’ नामक एक दिव्य सनातन अस्त्र छ, जसबाट उनले पूर्वकालमा सम्पूर्ण दैत्यको संहार गरेका थिए । यदि तिमीलाई त्यस अस्त्रको ज्ञान छ भने अवश्य नै भोलि जयद्रथको वध गर्न सक्नेछौ, यदि त्यस अस्त्रको ज्ञान छैन भने मनैमनमा शङ्करजीको ध्यान गर । यस्तो गरेपछि तिमीले उनको कृपाबाट त्यस महान् अस्त्रलाई प्राप्त गर्न सक्नेछौ ।”

भगवान् श्रीकृष्णको कुरा सुनेपछि अर्जुनले आचमन गरेर भूमिमाथि आसन ओछ्याएर बसिहाले र एकाग्र भएर शङ्करजीको ध्यान गर्न थाले । तदन्तर ध्यानावस्थामा शुभ ब्रह्म मुहूर्तको समयमा अर्जुनले श्रीकृष्णको साथमा आफू पनि आकाशमा उडिरहेको हेरे । त्यति बेला उनीहरूको वायुको समान गति थियो । भगवान् श्रीकृष्ण अर्जुनको दाहिने बाहु समातेर उडिरहेका थिए । उत्तर दिशामा अगि बढेपछि उनीहरूले हिमालयको पावन प्रदेश र मणिमान पर्वत हेरे, जहाँ दिव्य ज्योति छरिएको थियो र सिद्ध तथा चारणगणहरूले विचरण गरिरहेका थिए । मार्गमा अद्भुत भावहरू हेर्दै उनीहरू अगि बढेपछि श्वेत पर्वत देखियो । छेवैमा कुबेरको विहार वन थियो, त्यसको सरोवरमा कमलका फूलहरू फक्रिएका थिए । अलिक पर अगाध जलले भरिपूर्ण गङ्गाजीको धारा थियो, त्यसको किनारमा ऋषिहरूको पवित्र आश्रम थियो । त्यसको अगाडि मन्दराचलको रमणीय प्रदेश दृष्टिगोचर भयो, जहाँ किन्नरहरूको सङ्गीतलहरी गुञ्जायमान थियो । यस प्रकार अनेकौं दिव्य स्थान पार गरेपछि उनीहरूले एउटा परम प्रकाशमान पर्वत हेरे, त्यसको शिखरमाथि हजारौं सूर्यको समान देदिप्यमान् भगवान शङ्कर विराजमान थिए । उनको हातमा त्रिशूल थियो, मस्तकमाथि जटाजूटले शोभा पाइराखेको थियो । गोरो शरीरमा वल्कल र मृगचर्म बेरिएको भगवान् भूतनाथ पार्वतीदेवीका साथ बसेका थिए । तेजस्वी भूतगणहरू उनको सेवामा तल्लीन थिए । ब्रह्मवादी ऋषिहरू दिव्य स्तोत्रहरूबाट उनको स्तुति गरिरहेका थिए ।

त्यहाँ पुगेर भगवान् श्रीकृष्ण र अर्जुनले पृथ्वीमाथि मस्तक टेकेर ढोगे । ती दुई नर र नारायणलाई त्यहाँ आएको हेरेर शङ्करजी अत्यन्त प्रसन्न भएर हाँस्दै भने- वीरवरहरू हो, तपाई दुवैजनाको कैलाशमा स्वागत छ, विश्राम गर्नुहोस् र मलाई भन्नुहोस्- तपाईहरूको के इच्छा छ । तपाईहरू यहाँ जुन कामले आउनुभएको छ, म त्यसलाई अवश्य नै पूर्ण गर्नेछु । क्रमशः...

# सुनाताऽऽऽऽऽऽ!!!???


कुरोको चुरो
मुकुन्द आचार्य

विविध भाषा, संस्कृति, रहन-सहन, बोली-वचन, रीतिथिति, चाल-चलन सबै थोक मिसिएको एक अनौठो क्वाँटी संस्कृतिको नमूना देश हो, हाम्रो नेपाल भनिने देश ! त्यसैले मीठो छ नेपालीपनको स्वाद !

तराईको हावापानीमा आफू पनि हुर्किएको हुनाले यहाँको पुरानो रीतिथितिलाई मन-मस्तिष्कले मधुरताका साथ सँगालेर राखेको हुन्छ । समयको धूलो झारेर यस्तै अनुभूति फेरि ताजा पार्ने सुनौलो अवसर स्वतः प्राप्त हुन आइपुग्यो । पुरानो मित्रताको सम्झनाले नयाँ ताजगी दियो ।

महानगरी वीरगंजछेउको यौटा गाउँमा एक पुराना मित्रसँग भेट्ने, भलाकुसारी गर्ने संयोग नै ठ्याक्कै जुर्‍यो । दुवै मित्र कलियुगीय ब्राह्मण कुलकमल दिवाकर हुन् । जन्मले त ब्राह्मण हुन्, तर कर्मले हुन् वा होइनन्, त्यो कुरा भगवान्ले नै जानून् ।

मित्र गौरीशङ्कर दुबेले आफ्नो प्राचीनकालको महल (घर)मा लिएर गए । त्यस महलमा मलाई प्रेमपूर्वक घुमाएर बैठक कोठामा बसाए । म त वर्तमानबाट उछिट्टिएर अकस्मात् एक शताब्दी पहिलेको युगमा पुगें जस्तो लाग्यो । कसैले जुरुक्क उचालेर वर्तमानबाट भूतमा हुत्याइदियो ।

तत्काल उनले आवाज निकाले- ‘सुनाताऽऽऽऽऽऽ!!!??? ।’ यो एक शब्दको वाक्यमा सिङ्गो युग नै समेटिएको थियो । ‘सुनाता...?’ जस्तो सानो वाक्यले ठूलो युगलाई समेटेको थियो । म भूतको भुमरीमा भौंतारिन पुगें ।

पहिलेको पर्दाप्रथा मानसपटलमा बिजुली चम्केझैं झल्ल भएर चम्कियो । उहिले उहिले ‘डोर बेल’को चलन थिएन । गृहिणी वा गृहलक्ष्मीलाई बोलाउनुपर्दा अथवा ध्यानाकर्षण गराउन खोज्दा पुरुष जातिले अलि बल गरेर खकार्थे । त्यो खकारेको सुन्नासाथ गृहलक्ष्मी सतर्क हुने गर्थिन् । त्यसपछि ध्यानाकर्षणको दोस्रो चरणमा घरको ढोकामा झुन्डिएको सिक्रीले मदत गर्थ्यो । ‘कुण्डी खटवाएके’ अर्थात् ढोकाको सिक्री बजाउनु । यसै कर्मलाई उस बेला ‘कलिङ बेल’को पद प्राप्त थियो ।

ढोकामा सिक्री बजेपछि गृहलक्ष्मी बाध्य भएर अलि-अलि लजाए जस्तै गरेर पट खोल्ने गर्थिन् । त्यै अत्यावश्यक काम अचेल पनि ‘सुनाताऽऽऽऽऽऽ!!!???’ ले गर्दो रैछ । मित्र गौरीशङ्कर दुबेले ‘सुनाता...’को बलियो हाँक लगाएपछि गृहलक्ष्मीले आफू सतर्क भएर सुन्दैछु भन्ने सङ्केत आफ्नै पारामा प्रक्षेपित गरिन् । पुरुष आवाजले जानकारी र आदेश मिसाएर भन्यो- ‘हमर मित्र आइल बाडन ! दही-चिउरा के व्यवस्था कर ! छिमी के सब्जी बनाव !’ दुबेजीको भोजपुरीप्रेम र मित्रप्रेम प्रचण्ड थियो ।

राजधानीको धूलो र धूवाँले सुकेको आत्माले दही-चिउरालाई अमृतसरह ग्रहण गर्ने नै भयो । अर्को मित्र पनि कस्ताका थिएनन् । उनी थिए नवीन त्रिपाठी । उनले पनि आफ्नो नवनिर्मित आधुनिक घरको दर्शन गराए । शुरूमा उनले पनि ‘सुनाताऽऽऽऽऽऽ!!!???’को पुकार लगाए । त्रिपाठी वा त्रिवेदी वा तिवारी यी सबै एउटै चराका नाम हुन् । प्राचीन नभए पनि पक्का पाको मित्रता र स्नेह हामीबीच थियो ।

उनैको पुच्छर समाएर (बाइकमा बसेर) म पुनः वीरगंजसम्म आइपुगें । ‘सुनाता...?’ शब्द धेरैबेरसम्म मेरो मन-मस्तिष्कमा गुञ्जायमान रहिरह्यो ।

समय बदलियो । अब त सबैका करकमलमा मोबाइल नामक दूरसंवाद यन्त्र सुशोभित छ । जोसँग कुरा गर्न मन लाग्यो, सो यन्त्रमा कुनै कुनै उच्च स्थलमा थिचेर वाञ्छित व्यक्तिसँग बात मार्न सकिन्छ ।

त्यति मात्र कहाँ हो र ! वार्तालापकर्ताहरूको चित्र, विचित्र, मनभित्र छल, छिद्र, क्षुद्र सबै थोक प्रस्टै देखिने यन्त्र सर्वसुलभ भइसकेपछि अब ‘सुनाताऽऽऽऽऽऽ!!!???’ जस्तो ऐतिहासिक शब्द सुन्न पाइने सम्भावना घट्दै गएको छ ।

परिवर्तनशील संसारमा भाषा, भाव, सोच बदलिनु कुनै नौलो कुरा त होइन । तर यौटा सानो शब्द ‘सुनाता ?’मा सिङ्गो युग अटाउनु अलि उदेकलाग्दो नै हो कि ?

# अन्डरवेट हुनु पनि खतरा

अन्डरवेट हुनु त्यत्तिकै खतरा हो जति मोटो हुनु । तर हामी मोटोपनलाई मात्र रोगको रूपमा हेर्दछौं, जबकि पातलो भएकालाई राम्रो स्वास्थ्य भएको ठान्छौं । पातलो हुँदा पनि कैयौं प्रकारका शारीरिक समस्या हुन सक्छ ।



अन्डरवेट भनेको जसको वजन औसत वजनभन्दा कम हुन्छ । यसलाई बडी मास इन्डेक्सबाट पनि बुझ्न सकिन्छ । अर्थात् एउटी महिला जसको लम्बाइ ५ फुट ६ इन्च छ तर उसको वजन ११३ पाउन्ड छ भने त्यसलाई अन्डरवेट मानिन्छ । यसै प्रकार यदि कुनै पुरुषको लम्बाइ ६ फुट र वजन १३७ पाउन्ड वा त्यसभन्दा पनि कम छ भने त्यो पनि अन्डरवेट मानिन्छ ।

**अन्डरवेट हुनुको कारण:**

**आनुवांशिक:** यदि परिवारमा कोही अन्डरवेट छ अर्थात् माता-पितामध्ये कोही अन्डरवेट छ भने यो समस्या बढ्नेत्तरी हुन सक्छ । त्यस कारण वजन बढाउनुपर्छ र यसको लागि विशेषज्ञसँग सम्पर्क गरेर चिकित्सा गराउनुपर्छ ।

**औषधि:** धेरैपटक केही खास औषधिको नियमित सेवनले पनि वजन कम हुन पुग्छ । यसको अलावा यदि तपाईले किमोथेरापी गराउनुभएको छ भने यसबाट वजनमा निकै परिवर्तन आउँछ ।

**मानसिक समस्या:** मानसिक समस्याको कारण पनि वजनमा कमी आउँछ र रोगी अन्डरवेट हुन पुग्छ । व्यक्तिलाई यदि कुनै डिप्रेशन अथवा तनाव छ भने उसको खानपान पनि प्रभावित हुन्छ, यसबाट अन्डरवेट हुन सक्छ ।

**अन्डरवेट हुनुको रिस्क:**

**इम्युन सिस्टम कमजोर हुनु:** विशेषज्ञका भनाइ अनुसार अन्डरवेट छ भने व्यक्तिको इम्युन सिस्टम प्रभावित हुन्छ । इम्युन सिस्टमले शरीरको हेरचाह गर्ने र कैयौं प्रकारका शारीरिक समस्याबाट जोगाउँछ । शरीरमा जब बाहिरी तत्त्व प्रवेश गर्न खोज्छ, तब यस स्थितिमा इम्युन सिस्टमले मदत गर्छ ।

**हृदयसम्बन्धी रोग:** अन्डरवेट व्यक्तिलाई मुटुको रोग लाग्ने खतरा अन्य व्यक्तिको तुलनामा बढी हुन्छ । मोटो व्यक्ति मात्र होइन, अन्डरवेट पनि यस रोगबाट अछुतो छैन ।

**मधुमेह:** अन्डरवेट व्यक्तिलाई सजिलै मधुमेहले आफ्नो चपेटमा लिन सक्छ । अन्डरवेट व्यक्तिले नसोचीकन जे पायो त्यही खान्छ, जसको कारण मधुमेह हुने सम्भावना हुन्छ । अन्डरवेट व्यक्तिले कहिल्यै कसरत र खेलकूदमा रुचि राख्दैन, जुन स्वास्थ्यको लागि सही होइन ।

**एनिमिया:** अन्डरवेट व्यक्तिलाई सजिलै एनिमिया हुन सक्छ । एनिमिया त्यो स्थिति हो, जसमा शरीरमा रातो रगत सेलको उत्पादन कम हुन्छ । अतः जो व्यक्ति अन्डरवेट छ, उसको शरीरमा आवश्यक न्युट्रिएन्स पुग्न सक्दैन र पर्याप्त मात्रामा रातो रगत सेल उत्पादन हुँदैन ।

अन्य खतरामध्ये कपाल झर्ने, ओस्टियोपोरोसिस, गर्भावस्थामा जटिलता, मासिक धर्ममा समस्या, कुनै सरुवा रोगको सङ्क्रमणको खतरा पनि रहन्छ ।

## छानी पर कौवा बोलता.....

वा ससुराल पक्ष पुरोहितले भनेको तिथिमा बिदाइ गराउने संस्कार थियो । छोरीलाई वा बुहारीलाई बिदाइको बेला ठेकुवा र कसार आदि बाएनसहित बिदाइ गर्ने परम्परा परिवर्तित स्वरूपमा अहिले पनि निरन्तर छ । अभिभावक (ससुरा)ले धेरै विचार गरेपछि आश्वासन दिए । ससुराको वचन सुनेपछि यता ढोकाको प्वालबाट सुनिरहेकी उनी असाध्यै खुशी भइन् । उनको मनमा बिहेअघि स्वतन्त्ररूपमा माइतीमा खेलेको होली फिल्मको रिलझैं मस्तिष्कमा चल्न थाल्यो ।

## मुटुबारे रोचक जानकारी



- मुटु छातीको बीचमा हुन्छ, बायाँतिर हुँदैन ।
- मुटुले एकपटक धड्किंदा ७० एमएल र एक मिनेटमा ४.७ लिटर र दिनभरिमा लगभग ७५७० लिटर र पूरै जीवनमा करिब १६ करोड लिटर रगत पम्प गर्छ । यो एउटा धारा ४५ वर्षसम्म खुला रहनु बराबर हो ।
- मुटु शरीरबाट अलग भएपछि पनि त्यति बेलासम्म धडकिन्छ, जबसम्म यसले पर्याप्त मात्रामा अक्सिजन पाइरहन्छ । किनभने यसको आफ्नै विद्युत् आवेग हुन्छ ।
- चार हप्ता गर्भवतीको बच्चाको मुटु धडकिन शुरू हुन्छ ।
- अहिलेसम्म मनुष्यको सबैभन्दा कम २६ ढुकढुकी प्रतिमिनेट र सबैभन्दा बढी ४८० ढुकढुकी प्रतिमिनेट रेकर्ड गरिएको छ ।
- गीत अनुसार मुटुको ढुकढुकी पनि बदलिन्छ ।
- भर्खरै जन्मिएको बच्चाको मुटुको ढुकढुकीको चाल सबैभन्दा तेज हुन्छ ।
- मुटुको क्यान्सर धेरै कम हुन्छ किनभने मुटुको कोष समयसँगै फैलिने बन्द हुने गर्छ ।
- महिलाको ढुकढुकी पुरुषको ढुकढुकीभन्दा हरेक मिनेट ८ पटक बढी हुन्छ ।

# अन्द्रिा र उपचार


आयुर्वेद
डा. रमेश मिश्र

स्वस्थ जीवनयापनको लागि आहार र निद्राको अति नै महत्त्व छ । स्वच्छ र सफा खानपान, रहनसहन भएमा व्यक्तिलाई निद्रा पनि राम्रै आउँछ तर अहिलेको व्यस्त जीवनशैलीले गर्दा सबै फरक हुन थालेको छ । परिणामस्वरूप विभिन्न रोग व्यक्तिमा हुन थालेको छ ।



व्यक्तिको निद्रा अव्यवस्थित भएमा उसको प्रसन्नता, मानसिक क्रिया, साहस, बल, शक्ति र अन्य क्रियाहरू प्रभावित हुन्छन् । असुविधाजनक वातावरण, उच्च आवाज, तेज प्रकाशमा त व्यक्तिलाई निद्रा लाग्दैन, यो त सामान्य कुरा हो । तर शान्त वातावरणमा पनि निद्रा लाग्दैन भने त्यसलाई अनिद्रा भनिन्छ ।

अनिद्रा त्यस बेला एउटा ठूलो समस्या हुन्छ, जब यसको कारण व्यक्तिको स्वभाव, व्यवहार, शारीरिक र मानसिक क्रियाहरू प्रभावित हुन थाल्छन् ।

आयुर्वेदमा निद्राको गुण र अवधिमा तमोगुण र कफदोषको प्रधानता मानिन्छ । अव्यवस्थित जीवनशैली वा कुनै अन्य रोगको कारण उत्पन्न शारीरिक वा मानसिक अवस्थाबाट वातदोष र रजोगुण बढेर निद्रालाई कुप्रभावित गर्दछ । यो अवस्था धेरै दिनसम्म भइराखेमा अनिद्रा वा निद्राका अनेकन विकृति उत्पन्न हुन्छन् ।

निद्रा नलाग्नु अनिद्राको लक्षण हो । यसको साथसाथै बिस्तारै-बिस्तारै टाउको दुख्नु, बेचैनी, जीउ दुख्नु, अरुचि, कब्जियत, छाला खस्रो हुनु, चिडचिडापन हुनु, मन स्थिर नहुनु, व्यवहार र स्वभावमा परिवर्तन हुनु जस्ता लक्षणहरू देखा पर्न थाल्छन् ।

अनिद्राका विभिन्न चिकित्सा पद्धतिमा उपचारको व्यवस्था गरिएको छ । आयुर्वेदमा अनिद्राको कारण एवं लक्षणहरूको आधारमा चिकित्साको व्यवस्था गरिएको छ । शारीरिक र मानसिक विश्रामको लागि जीवनशैलीमा सुधारको लागि रोगीको प्रकृति अनुसार उपचार गरिन्छ । जसले गर्दा रोगीको निद्रामा बिस्तारै-बिस्तारै सुधार आउँछ । आयुर्वेदमा अन्य चिकित्सा पद्धतिमा जस्तै कडा खालको निद्राकारक औषधि दिइँदैन । अनिद्रा र यससँग सम्बन्धित विकारहरूलाई सफलतापूर्वक उपचारको लागि आवश्यकता अनुसार आहार, भावना, शारीरिक क्रियाहरू, व्यवहार र निद्राको समय आदि जीवनमा नियन्त्रण गरिन्छ । पञ्चकर्मबाट शारीरिक शोधन एवं शारीरिक एवं मानसिक विश्रामको लागि शिरोधारा गराइन्छ । अनिद्राको कारणको चिकित्सा गरिन्छ । मेध्य रसायन र अन्य चिकित्सकीय परामर्श अनुसार औषधिको प्रयोग गरिन्छ । सुत्ने बेला रोगीको प्रकृति अनुसार दूध र खसखसको प्रयोग गरिन्छ । गुडको साथमा पिप्पली मूलको प्रयोग गरिन्छ । योगाभ्यास, प्रणायाम गरिन्छ ।

अनिद्रामा मुख्यरूपमा जडीबुटीहरू रोगीको प्रकृति, अनिद्रा र सम्बन्धित अन्य विकारलाई ध्यानमा राखी शङ्खपुष्पी, जटामासी, अश्वगन्धा, तगर, सर्पगन्धाको प्रयोग गराइन्छ ।


सरल, पौष्टिक र सुपाच्य आहार, समयमा भोजन, रातिमा सुत्न जानुभन्दा दुई घण्टाअगाडि भोजन गर्नुपर्दछ । धूमपान, चिया, कफी, मद्यपान र उत्तेजक पदार्थ सेवन गर्नुहुँदैन । दिनमा सुत्नुहुँदैन, ऋतु र वातावरणको अनुसार शय्या हुनुपर्दछ । सकारात्मक सोच, शान्तिपूर्ण व्यवहार, राति भोजनपछि हिंड्डुल गर्ने, सुत्नुभन्दा अगाडि खुट्टा मनतातो पानीले धुने, शिरमा तेल मालिस आदि गर्नुपर्दछ ।

# अन्तर्राष्ट्रिय समाचार

## थाइल्यान्डमा कोरोना खोप अभियान स्थगित

बैंकक, २८ फागुन/एएफपी

रगत जम्ने खतरा देखिएको भन्दै केही युरोपेली मुलुकले अस्ट्राजेनिकाका खोप लगाउन स्थगित गरेको भन्दै थाइल्यान्डले शुक्रवार खोप अभियान स्थगित गरेको छ। तर विश्वका धेरै स्वास्थ्य निकायले अस्ट्राजेनिकाको कोभिड खोपमा कुनै समस्या नरहेको दाबी गरे पनि खोप अभियान स्थगित गर्न थालिएका छन्।


तस्वीरः फाइल

अमेरिकी राष्ट्रपति जो बाइडेनले खोप र अन्य सचेतना बढाइएको भन्दै कोभिडको त्रासबाट अमेरिकीलाई निराश नहुन आह्वान गरेकै दिन थाइल्यान्डले खोप अभियान स्थगन गरेको छ। अमेरिकामा अहिले खोप अभियान तीव्ररूपमा अघि बढेको छ। वैज्ञानिकहरूले कोभिडलाई परास्त गर्न खोप एकमात्र भरपर्दो साधन रहेको बताएका छन्। विश्वमा हाल कोरोना भाइरसको सङ्क्रमणबाट २६ लाखभन्दा बढी मानिसको ज्यान गइसकेको छ।

तर अक्सफोर्ड–अस्ट्राजेनिकाले विकास गरेको कोभिड खोपका कारण मानिसको शरीरमा रगत जमेको भन्ने रिपोर्टका आधारमा बिहीवार डेनमार्क, नर्वे, आइसल्यान्ड, इटाली र रोमानियाले अस्ट्राजेनिकाको खोप लगाउन रोकेका छन्। स्वास्थ्यसम्बन्धी नियामक निकायहरूले खोपकै कारण रगत जमेको भन्ने ठोस प्रमाण नभेटिएको जनाएका छन्, तर सावधानीका लागि खोप अभियानमा ढिलाइ गरिएको युरोपेली मुलुकहरूको भनाइ छ।

अस्ट्रेलिया, मेक्सिको र फिलिपिन्सले भने खोप अभियान जारी राख्ने जनाएका छन्। क्यानडाले खोपका कारण स्वास्थ्यमा प्रतिकूल प्रभाव देखिएको भन्नेबारेमा ठोस प्रमाण नभेटिएको जनाएको छ। थाइल्यान्डको निर्णयसँगै प्रधानमन्त्री प्रयुत चान–ओ–चाले खोप लगाउने कार्य एकाएक रोकेका छन्।

कोभिड–१९ खोप समितिका सल्लाहकार पियासाकोल साकोसतायाडोर्नले थाई नागरिकलाई खोप लगाउने कुरा सुरक्षित हुनुपर्ने बताउँदै खोप अभियान सञ्चालनमा हतार गर्न नहुने प्रतिक्रिया दिएका छन्।

अमेरिकामा राष्ट्रपति बाइडेनले कोरोना भाइरसको महामारीका अँध्यारा दिनबाट बाहिर निस्कन सबैको सहयोग जरुरी रहेको बताएका छन्। उनले भने, "लडाइँ अझै सकिएको छैन।" कोभिड–१९ बाट सर्वाधिक असर परेको अमेरिकामा पाँच लाख ३० हजारभन्दा बढी मानिसको मृत्यु भएको छ।

खोप अभियान राम्रोसँग सञ्चालन गर्न नसकेको युरोपले खोप अभियानलाई अझ बढावा दिन सङ्घर्ष गर्नुपरिरहेको छ। युरोपेली युनियनले अस्ट्राजेनिकामाथि निरन्तर पर्याप्त आपूर्ति व्यवस्था मिलाउन दबाब दिइरहेको छ। युरोपको दबाब एवं खोपको प्रभावकारितामाथि आशङ्का फैलिएसँगै लन्डन स्टक एक्सचेन्जमा अस्ट्राजेनिकाको शेयर मूल्य २.५ प्रतिशतभन्दा बढीले घटेको छ।

उता, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले केही मुलुकले कोभिड–१९ विरुद्धको खोप भण्डार गरेर समानुपातिक वितरणमा अवरोध गरिरहेको र केही मुलुकले खोपको राजनीति गरिरहेको आरोप लगाएका छन्। रासस

## चीनले अलिबाबामाथि एक अर्ब डलर जरिवाना गर्ने तयारी

बेइजिङ, २८ फागुन/एएफपी

चीनले ई–कमर्स क्षेत्रको शक्तिशाली कम्पनी अलिबाबामाथि एकाधिकार नियमहरू उल्लङ्घन गरेको आरोपमा झन्डै एक अर्ब डलर जरिवाना गर्न लागेको समाचार सार्वजनिक भएको छ। यो रकम चीनमा कुनै पनि कम्पनीमाथि भएको आजसम्मकै सबैभन्दा ठूलो जरिवाना हो।

यसअघि सन् २०१५ मा अमेरिकी चिप निर्माता कम्पनी क्वालकमले ९७ करोड ५० लाख डलर जरिवाना तिरेको थियो। क्वालकममाथि चीनमा प्रतिस्पर्धा रोक्ने कार्यमा अवरोध पुऱ्याएको आरोप लागेको थियो।

अमेरिकी अखबार वाल स्ट्रिट जर्नलमा बिहीवार अलिबाबामाथिको जरिवानासम्बन्धी समाचार छापिएको थियो। त्यसलगत्तै एएफपीले अलिबाबाका विषयमा चिनियाँ अधिकारीहरूसँग सम्पर्क गर्दा उनीहरूले यसबारेमा केही बताउन चाहेनन्। चीनको सबैभन्दा ठूलो अनलाइन सपिङ पोर्टलका रूपमा स्थापित अलिबाबामाथि चिनियाँ अधिकारीहरूले केही महीनादेखि अनुसन्धान र छानबिन गरिरहेका छन्। यो कम्पनी हरेक चिनियाँका लागि सामान खरीद र ढुवानीका लागि निकै भरपर्दो र लोकप्रिय माध्यम बनेको छ।

तर अलिबाबाका संस्थापक अर्बपति व्यापारी ज्याक माले गत वर्ष अक्टोबरमा चिनियाँ नियामक निकायका गतिविधिको आलोचना गरेपछि उनी र उनका व्यवसाय सरकारी निकायहरूको आँखाका तारो बनेका छन्। गत नोभेम्बरमा चिनियाँ वित्तीय नियामक निकायहरूले अलिबाबाको अनलाइन भुक्तानीसम्बन्धी सहायक कम्पनी "एन्ट ग्रुप"ले सार्वजनिक गर्न लागेको ३५ अर्ब डलरको हङकङ–शाङ्घाई प्रारम्भिक शेयर निष्कासनलाई रोकिदिएका थिए।

त्यसको एक महीनापछि अधिकारीहरूले अलिबाबाको व्यावसायिक गतिविधिको फाइलमाथि अनुसन्धान शुरू गरे। त्यही समय स्वयम् ज्याक मा मध्य जनवरीसम्म सार्वजनिकरूपमा कतै देखा परेनन्। चीनको पूर्वी शहर हान्झाउमा रहेको अलिबाबा कम्पनीले गत महीना



तस्वीरः एएफपी

राज्य प्रशासनका अधिकारीहरूलाई अनुसन्धानमा पूर्ण सहयोग गर्ने बताएको थियो।

जर्नलका अनुसार अनुसन्धान अधिकारीहरूले अलिबाबाले आर्जन गरेको सम्पत्ति अन्य असम्बन्धित क्षेत्रमा प्रवाह गरिरहेको छ छैन भन्ने खोजी गरिरहेका छन्। अलिबाबाका प्रवक्ताले उक्त घटनाका बारेमा पनि केही बताउन चाहेनन्। अलिबाबामाथि आफूसँग आबद्ध व्यापारीहरूलाई अन्य प्रतिस्पर्धी ई–कमर्स कम्पनीमा सूचीकृत हुन रोक्दै आएको आरोप छ। रासस


## दक्षिण अफ्रिकी जुलु राजाको निधन

जोहानेसबर्ग, २८ फागुन/एएफपी

दक्षिण अफ्रिकाको जुलु समुदायका अति सम्मानित राजा गूडविल ज्वेलिथिनीको शुक्रवार ७२ वर्षको उमेरमा निधन भएको छ। मधुमेहसँग सम्बन्धित रोगका कारण गम्भीर बिरामी भई उपचारका लागि अस्पतालमा भर्ना भएका राजा गूडविलको शुक्रवार निधन भएको राजदरबारले घोषणा गरेको छ।

राजदरबारले जारी गरेको विज्ञप्तिमा जुलु देशका राजा गूडविल ज्वेलिथिनीको शुक्रवार बिहान निधन भएको उल्लेख छ।

राजा गूडविलले जुलु देशको राजाका रूपमा निकै लामो अवधि शासन गर्नुभएको थियो। उनको शासनकाल झन्डै पाँच दशक रहेको थियो। सन्



१९४८ मा उत्तरी क्वाजुलु–नाटालको नोङ्गोमामा जन्मेका गूडविल सन् १९६८ देखि राजगद्दीमा रहेका थिए। परम्परागत नेतृत्वसम्बन्धी दक्षिण अफ्रिकाको संविधानबमोजिम जुलु राजाले आफ्नो समुदायको प्रतिनिधित्व गर्न सक्ने व्यवस्था छ। हाल यो पद कार्यकारी नभएर समुदायको प्रतिष्ठा र संस्कृतिसँग जोडिएको छ। रासस

### पतिङ्गर सोहोरेर इन्धन.....

पतिङ्गरले आफूहरूलाई निकै सजिलो भएको परवल र ओल खेती गर्ने किसान बताउँछन्। पातपतिङ्गर (सोत्तर) सोहोर्न अन्य घरकामले नभ्याएका बेला यी महिलाले थालेका कामले आफूहरूलाई निकै सजिलो भएको बर्दिवास–४ का परवल किसान रामजी पौडेलको भनाइ छ।

ओल र परवल रोपिएको जग्गा पातपतिङ्गरले छोप्दा चिस्यान रहिरहने भएकाले अहिले यसको बिक्री निकै बढेको छ। पतिङ्गरको किनबेच हुन थालेपछि अहिले यो काम राम्रो रोजगार बनेको उद्यमीको भनाइ छ। दलित महिलाले फुर्सदको समय उपयोग गर्दै थालेका काममा अन्य समुदायले समेत चासो बढाउन थालेका बर्दिवास उद्योग वाणिज्य सङ्घका सचिव ज्ञानबहादुर बस्नेतले बताए।

वनक्षेत्रमा पतिङ्गर सोहोर्नेको चहलपहलले वन्यजन्तु र चराचुङ्गी भने भाग्न थालेका छन्।

धुम्रपान (बिंडी, चुरोट) गर्ने लतका महिलाले राम्ररी ननिभाइएको बिंडी, चुरोटको ठुटा र सलाइको काँटीले वनमा आगलागीका घटना भने बढाएको वन हेरालुको गुनासो छ।

यता पतिङ्गर सोहोर्न वनक्षेत्र पुगेका महिलाले भने वनक्षेत्रसँगै जोडिएका बस्तीका बासिन्दाले डढेलो लगाइदिंदा पतिङ्गर खोज्न भौंतारिनुपरेको गुनासो गरेका छन्।

**आँपमा राम्रो मज्जर खेलेपछि खुशी**

आँपका रूखका हाँगा मज्जर (मञ्जरी, फूल)ले झपक्क भएर झुकेपछि किसानको मुहारमा खुशी देखिएको छ। मज्जरको मीठो सुवास (वास्ना) चारैतिर छरिएको छ। यसपालि आाप राम्रो फल्ने आसले महोत्तरीका किसान खुशी देखिएका छन्।

जिल्लामा व्यावसायिकरूपमैं आँप (बगैंचा) खेती गर्ने किसान अहिले यसपालि ठूलो हावाहुरी नचलिदेओस् भन्ने कामनामा छन्। "हेर्नोस् न, मज्जरले ढपक्क छोपेर पात हाँगा केही देखिएका छैनन्, मज्जरको भारले हाँगा पनि नुहेका छन्," जिल्लाको बर्दिबास नगरपालिका–५ चेरूका किसान होतराज घिमिरेले आफ्नो आँप बगैंचातिर देखाउँदै पुलकित मुद्रामा भने, "ठूलो हावाहुरी नआएर मधुवा (मज्जरमा लाग्ने एक किसिमको कीरा, रोग) नलागे त यसपालि आँप राम्रो फल्ने आस छ।"

बगैंचा खेतीका किसान यसपालि हिउँदे वर्षा नभएर भने थोरै चिन्तित छन्। हिउँदे वर्षाले मज्जरको डाँठ बलियो बनाउने, आँपका रूखमा लागेका कीरा पखाल्ने र जरामा पर्याप्त चिस्यान हुँदा फूल नझर्ने र टिकोला (चिचिला) बोटमा राम्ररी अडिने किसानको अनुभव छ। हिउँदे वर्षा नभएपछि रूखका जरामा सधैंजसो पानी हाल्नुपरेको र बोटमा पानीकै फोहरा दिने गरिएको घिमिरेकै छिमेकी राजन पौडेल बताउँछन्। अहिले हिउँदे वर्षा नभएर पानीका मुहान सुक्दै गएका हुँदा सास्ती बढेको पौडेलको भनाइ छ।

फलका रूखका लागि बाहिरी प्रयत्नबाट गरिएको सिंचाइ र फोहरा वर्षाको पानीजस्तो प्रभावकारी नहुने किसान बताउँछन्।

जिल्लाका सबै भेगमा धेरथोर आँप बगैंचा लगाइएको भएपनि बर्दिबास, गौशाला, औरही र जलेश्वर नगरपालिका तथा पिपरा गाउँपालिका क्षेत्रमा व्यावसायिकरूपमैं बगैंचा खेती गरिएको छ। खासमा बर्दिबास नगरपालिकाका खयरमारा, टुटेश्वर, ढुङ्ग्रे, गणान्ता, चेरू, सोनापेटी, वरडाँडा, माईस्थान, पाटु, भब्सी, बिजलपुरा र पशुपतिनगरका धेरैजसो किसानको खेती भनेकै बगैंचा हो।


## रजिस्ट्रेशन प्रमाणपत्र हराएको सूचना

भारतीय नागरिक हाल वीरगंज महानगरपालिका वडा नं १२ मुर्लीमा अस्थायीरूपमा बसोबास गर्दै आएका राजेश कुमारको मिति २०७७/११/१७ गते साँझ ६ बजेको समयमा वीरगंज घण्टाघरबाट मुर्ली चोक जाने क्रममा भारतीय महावाणिज्य दूतावास वीरगंजले सन् २०१७ जुलाई २४ को तिथिमा जारी गरेको १०४३/१७ नम्बरको रजिस्ट्रेशन प्रमाणपत्र हराए हुँदा फेला पार्नुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा मलाई सम्पर्क गर्न अनुरोध गर्दछु।

निवेदक
**राजेश कुमार**
वीरगंज मनपा वडा नं १२ मुर्ली
सम्पर्क नं ९८६३५३३३५२



## हार्दिक कृतज्ञता

जन्म
२००९ पुस २८ गते



स्वर्गारोहण
२०७७ फागुन १७ गते

**स्व. श्यामभक्त श्रेष्ठ**

हाम्रा प्रातः स्मरणीय श्यामभक्त श्रेष्ठको असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै हामीमाथि सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण नाता, कुटुम्ब, इष्टमित्रप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

**पत्नी : शारदादेवी श्रेष्ठ**

**छोराहरू**: सबिनभक्त श्रेष्ठ, नवीनभक्त श्रेष्ठ, सन्तोषभक्त श्रेष्ठ, गोविन्दभक्त श्रेष्ठ
**बुहारीहरू**: दावा श्रेष्ठ, मनीषा सुनुवार श्रेष्ठ, रोजी श्रेष्ठ
**भतिजाहरू**: सुमन श्रेष्ठ, सचिन श्रेष्ठ
**बुहारीहरू**: गीता श्रेष्ठ, सुनीता श्रेष्ठ
**नातिनीहरू** : सम्प्रदा श्रेष्ठ, संस्कृति श्रेष्ठ, समृद्धि श्रेष्ठ, निर्विषा श्रेष्ठ
**नातिहरू** : अमन श्रेष्ठ, आकाश श्रेष्ठ

**एवं समस्त श्रेष्ठ परिवार**


## लागूऔषधसहित प्रहरी जवान पक्राउ

प्रस, रौतहट, २८ फाल्गुन/

रौतहटमा लागूऔषधसहित प्रहरी जवान पक्राउ परेको समाचार छ।

इलाका प्रहरी कार्यालय हरिवन सर्लाहीमा कार्यरत ३२ वर्षीय प्रहरी जवान कमल धामीलाई लागूऔषधसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। उनलाई रौतहटको चन्द्रपुर नगरपालिका–४ चोकबाट पक्राउ गरिएको हो।

प्रहरी जवान धामीले चलाएको ना.५८प ९५४८ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा निजको पछाडि बसेका रौतहट चन्द्रपुर नपा–३ बस्ने ३० वर्षीय राजु कुमरबाट लागूऔषध नाइट्रोजेपाम र नाइट्रोभेट टचाब्लेट बरामद भएको थियो।

कुमरले झोलामा तीनवटा पोका बनाएर लागूऔषध लुकाइछिपाइ राखेको अवस्थामा बरामद भएको थियो।

प्रहरीले पक्राउ परेका प्रहरी जवानसहित दुईजनाविरुद्ध लागूऔषध मुद्दा दायर गरेर कारबाई प्रक्रिया अगाडि बढाएको छ।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मनोरञ्जन | वृष | कर्मप्राप्ति |
| मिथुन | अस्वस्थता | कर्कट | वादविवाद |
| सिंह | व्यापारवृद्धि | कन्या | अलमल |
| तुला | कार्यनाश | वृश्चिक | भयचिन्ता |
| धनु | मित्रमिलन | मकर | धनखति |
| कुम्भ | सुयश | मीन | खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


**Om Advertising**
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

**Poonam Arts**
......A Complete art Solution
- Flex Print
- Sticker Print
- Dps Board
- Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board

National Trading, Main Road, Birgunj
Ph: 051-525653




**Admission Open**
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

# मधानी यज्ञ तराई-मधेसकै मौलिक संस्कृति

प्रस, गरुडा, २८ फागुन/

हिजो सम्पन्न मधानी महायज्ञमा उपप्रधानमन्त्री ईश्वर पोखरेलले कोभिड–


तस्वीरः प्रतीक

१९ ले बन्द रहेको नेपाल–भारत सीमानाका खुलाउने वचनबद्धता व्यक्त गरे । उपप्रम पोखरेलले नेपाल–भारत असल मित्र भएको र सीमा क्षेत्रका बासिन्दालाई असहज अनुभव भइरहेको वर्तमान परिवेशमा सवारीसाधन आवागमन हुने गरी सीमानाका खुलाउने वचनबद्धता व्यक्त गरे ।

उपप्रम पोखरेलले तराई–मधेसलाई सुनको टुक्रासित दाँज्दै आफ्नो मौलिक संस्कार र संस्कृति रहेको मधेसलाई चिनाउन मधानी महायज्ञले ठूलो सहयोग गर्ने बताए। झन्डै लिच्छविकालको पुरातात्त्विक महादेव मन्दिर मानिएको मौलापुरको पतौरा महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन नेपाल सरकारको तर्फबाट आफूले पहल गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

कार्यक्रममा शहरी विकासमन्त्री प्रभु साहले तराई–मधेस आफैंमा इतिहास र संस्कृतिको क्षेत्रमा समृद्ध रहेको बताउँदै मौलापुरको पतौरामा रहेको पुरातात्त्विक महादेव मन्दिरको कर्णाटकाल, सेन शासनकाल र हाल गरी कम्तीमा इतिहासको तीन युगमा पुनरुद्धार गरिएको तथा अहिले पुरातात्त्विक अन्वेषण र अध्ययन भइरहेको जानकारी गराए ।

तराई–मधेसको मुख्यगरी बारा र रौतहटका थारू समुदायमा प्रचलनमा रहेको मधानी यज्ञ र कमरनाथु परम्परा लोप हुन लागेको वर्तमान समयमा मौलापुर नगरपालिकाले मधानी महायज्ञको निरन्तरता दिएर इतिहास तथा संस्कृतिको क्षेत्रमा उल्लेखनीय कार्य गरेको बताए। मन्त्री साहले नेपाल तथा भारतका विशिष्ट कलाकारहरूले पनि पुरातात्त्विक महादेवको संस्कृतिमा योगदान दिएकोमा प्रशंसा गरे ।

कार्यक्रममा प्रदेश २ का प्रदेश प्रमुख राजेश झा तथा वाग्मती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले सम्बोधन गर्दै मधानी यज्ञ तराई–मधेसको मौलिक संस्कृति रहेको बताए। मौलापुर नगरपालिकाले संस्कृतिको संरक्षणमा पुऱ्याएको योगदानको प्रदेश प्रमुख झा तथा सभामुख श्रेष्ठले खुलेर प्रशंसा गरे।

कार्यक्रममा इतिहास तथा संस्कृतिका जानकार लेखक सञ्जय साह मित्रले पुरातात्त्विक महादेव मन्दिरको सम्बन्ध लिच्छविकालसित रहेको स्पष्ट पार्दै कर्णाटकालमा स्थापना भएका मन्दिरहरूको अवशेष अद्यपर्यन्त रहेको र पुरातात्त्विक महादेव धरतीमा विलीन भइसकेको अवस्थामा प्रकाश पारेका थिए । मधानी संस्कृति पनि यस क्षेत्रको मौलिक शिवपूजन संस्कृतिको अङ्गको रूपमा रहेको लेखक मित्रले स्पष्ट पारे ।

मौलापुर नगरपालिकाको आयोजना भएको कार्यक्रममा नेपाली कलाकारहरू शिव श्रेष्ठ, दीपाश्री निरौला, विजय यादव निर्बिज, सरिता साह कानु, भारतीय भोजपुरी सिनेमाका चर्चित कलाकारहरू अक्षरा सिंह, चिन्टु सिंहलगायतको सांस्कृतिक कार्यक्रम रहेको थियो ।

गत वर्ष सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा पहिलोचोटि मधानी महायज्ञ सम्पन्न भएको थियो । कार्यक्रमको अध्यक्षता मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साहले गरेकी थिइन् ।


कार्यक्रममा मन्तव्य व्यक्त गर्दै मन्त्री प्रभु साह । तस्वीरः सौजन्य

# अर्यालको अध्यक्षतामा पर्सा चेम्बर अफ कमर्स गठन

प्रस, वीरगंज, २८ फागुन/

औद्योगिक नगरी वीरगंजमा पर्सा चेम्बर अफ कमर्स गठन भएको छ ।

बिहीवार साँझ वीरगंजमा सम्पन्न उद्योगी–व्यवसायीको भेलाले मनोज


तस्वीरः प्रतीक

अर्यालको संयोजकत्वमा पर्सा चेम्बर अफ कमर्सको गठन गरेको हो । उद्योगी–व्यवसायीको हकहितको लागि पेशागत वकालत गर्ने उद्देश्यले पर्सा चेम्बर अफ कमर्स गठन भएको केन्द्रीय अध्यक्ष राजेशकाजी श्रेष्ठले बताए । उनले वीरगंजमा कार्यालय सञ्चालन गरी व्यवसायीहरूको हकहितमा काम गर्ने प्रतिबद्धता जाहेर गरे ।

२००७ सालमा स्थापना भएको नेपाल चेम्बर अफ कमर्स नेपाल उद्योग वाणिज्य महासङ्घभन्दा पुरानो संस्था भएको उनले दाबी गरे। च्याम्बर अफ कमर्सले आगामी दिनमा संस्थाको नाम अझ माथि उकास्ने गरी सबैलाई समेटेर काम गर्ने उनले बताए। नेपालको ७७ जिल्लामध्ये नेपाल चेम्बर अफ कमर्स ६५ जिल्लामा स्थापना भइसकेको बताउँदै उनले वीरगंजका उद्योगी–व्यवसायीलाई चेम्बरमा आबद्ध हुन अपील गरे ।

हिजो भएको भेलाले अध्यक्षमा अर्याल र सदस्यहरूमा मुकेश अग्रवाल, विशाल कर्णानी, सञ्जय माडु, प्रकाश बाहेती, ओमप्रकाश चाचान, मुकेश सरावगीलाई सर्वसम्मत चयन गरेको थियो । सो अवसरमा अध्यक्ष र सदस्यहरूलाई अध्यक्ष श्रेष्ठले चेम्बरको लोगोसहितको पिन हस्तान्तरण गरेका थिए ।

# विद्यालयमा क्षमता प्रदर्शनी आयोजना

प्रस, पंचगावाँ, २८ फागुन/

पटेर्वासुगौली गाउँपालिका–५ नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटामा



तस्वीरः प्रतीक

अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गुणस्तर उकास्नका लागि अन्तरनिहित क्षमता प्रदर्शनी आयोजना गरिएको छ।

विद्यालयमा आयोजित प्रदर्शनी वडाध्यक्ष मोतीलाल साहको अध्यक्षतामा भएको थियो भने शिक्षा शाखा प्रमुख शम्भु साह, शिक्षा महासङ्घका संयोजक मोहन दासलगायतको सहभागिता थियो ।

प्रदर्शनीमा कक्षा ६ देखि १० का विद्यार्थीहरू सहभागी थिए । उनीहरूले तयार गरेका सामग्रीहरू २५ स्थानमा स्टल राखेर देखाइएको थियो । शैक्षिक गुणस्तर उकास्न र विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले अन्तरनिहीत क्षमता प्रदर्शनी गरिएको प्रधानाध्यापक श्याम घिमिरेले बताए ।

# पर्सागढीमा जङ्गली बँदेलद्वारा मकैबालीमा क्षति

प्रस, पर्सागढी, २८ फागुन/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीमा किसानले लगाएको मकैबालीलाई जङ्गली बँदेलले क्षति


तस्वीरः प्रतीक

पुऱ्याएको छ ।

राष्ट्रिय वन, सबैया साझेदारी वन र सबडिभिजन वन कार्यालय मधुवन मथवल बडनिहार अन्तर्गत पर्ने वनक्षेत्रदेखि चार किलोमिटर टाढा किसानले लगाएको मकैबाली बँदेलले नष्ट गर्न थालेको किसानले बताए। सो स्थानमा करीब ७५ जना किसानको मकैबाली छ । अहिले पाँचजनाभन्दा बढीको मकैबालीमा बँदेलले क्षति पुऱ्याएको बताइएको छ । स्थानीय किसानहरूले यस वर्षदेखि बँदेलले दुःख दिन शुरू गरेको बताए । उनीहरूले अहिलेसम्म पर्सागढीमा वनक्षेत्रबाट जङ्गली जनावर आएर खेतीबाली नष्ट नगरेको बताएका छन् । यसपटकदेखि राति ९ बजेपछि दर्जनको सङ्ख्यामा बँदेल आएर मकैबाली नष्ट गरेको हो ।

किसानहरूले यसबारेमा विचारविमर्श गरी राति जाग्राम बसेर बँदेल भगाउने अभियान शुरू गर्ने बताए । केही किसानले विद्युतीय तारबार राख्ने बताए पनि यसअघि रौतहटमा एकजना चोर खेतमा लगाएको विद्युतीय तारबारमा परेर मृत्यु भएको घटना स्मरण गर्दै विद्युतीय तारबार नलगाउने सहमति भएको छ । आज किसानहरू भेला भएर मकैबालीमा थप क्षति हुन नदिन राति जाग्राम बस्ने र बँदेललगायतका जङ्गली जनावरलाई बाली नष्ट गर्नबाट रोक्ने एकजना किसानले बताए ।

# सामुदायिक विद्यालयलाई ल्यापटप दिने तयारी

प्रमोद यादव, पंचगावाँ, २८ फागुन/

पटेर्वासुगौली गाउँपालिका शिक्षा शाखाले गापामा रहेका २४ वटै सामुदायिक विद्यालयमा ल्यापटप दिंदैछ। शिक्षा शाखा प्रमुख शम्भु साहले गापामा रहेका निमावि र प्रावि तहका २४ वटै सामुदायिक विद्यालयमा ल्यापटप दिने तयारी अन्तिम चरणमा पुगेको बताए । उनले सम्भवतः यसै महीनाको अन्त्यसम्म सामुदायिक विद्यालयलाई ल्यापटप दिने बताए ।

शिक्षा विभागले यसअघि सो गापाको मावि र दश जोड दुई अध्ययन हुने विद्यालयमा कम्प्युटर वितरण गरेको थियो ।

विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या अद्यावधिक राख्ने र उनीहरूको शैक्षिक उपलब्धिलगायतका गतिविधिलाई अद्यावधिक पार्नका लागि ल्यापटप प्रदान गरिन लागेको शिक्षा प्रमुख साहले बताए। विद्यालयमा दिने ल्यापटपबाट बालविकास र कक्षा १ मा अध्ययनरत बालबालिकाहरूलाई प्रोजेक्टरबाट अध्यापन गराउन सहयोगी हुने र बाँकी समयमा विद्यालयको गतिविधि अद्यावधिक पार्ने बताए ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# एचआइभी रोकथामबारे सहयात्री समाज र सरोकारवालाबीच छलफल

प्रस, वीरगंज, २८ फागुन/

सहयात्री समाज नेपाल पर्साले एचआइभी रोकथाम सहयोग हेरचाह तथा उपचार परियोजना अन्तर्गत शुक्रवार सरोकारवालासँग समन्वयात्मक बैठक गरेको छ ।

सहयात्री समाज पर्सामा आयोजित समन्वयात्मक बैठकमा कार्यक्रम संयोजक समता बमले चालू आवमा आर्थिक वर्ष २०७७/०७८ मा लक्ष्यभन्दा बढी उपलब्धि हासिल भएको बताइन्। उनले लक्ष्य २४ जना सङ्क्रमित पत्ता लगाउने रहेको तर २६ जना पत्ता लागेको बताइन् । यौनिक तथा लैङ्गिक समुदाय, समलिङ्गी र तेस्रोलिङ्गी लक्षित कार्यक्रममा अधिकतम २ सय ७ जनाले एआरटी खाँदै गरेकोमा २८ जनाले मात्र नियमित खाइरहेको जानकारी गराइएको थियो ।

उनले यस वर्ष दुईजना सङ्क्रमितको मृत्यु भएको बताइन्। यस वर्ष २२ हजार ३ सय ७३ वटा कन्डम वितरण गरिएको उनले बताइन् । पर्साको १४ वटा पालिकामा कार्यक्षेत्र बनाएर कार्य गर्दै आएको सहयात्री समाजले यस कार्यमा दशजना कर्मचारीलाई परिचालन गरेको संयोजक बमले बताइन् । उनले थोरै जनशक्तिबाट जिल्लाका १४ वटै पालिका भ्याउन समस्या भएको बताइन्। उनले लुकेर बसेका एचआइभी सङ्क्रमितहरूलाई बाहिर ल्याउन पनि चुनौती रहेको बताइन्। यसैगरी, सीमित साधन र स्रोतबाट सबैलाई सेवा दिन पनि समस्या भइरहेको उनको भनाइ थियो ।

उनले सङ्क्रमितहरूमध्ये अतिविपन्न, गरीबलाई स्थानीय पालिकाले स्वास्थ्य उपचार र औषधिमा सहयोग गर्नुपर्ने सुझाव दिइन्। समस्या समाधानका लागि पालिकाले यस विषयमा ध्यान दिन जरुरी भएको उनको भनाइ थियो । यस वर्ष पालिकाहरूको योजना तर्जुमामा एचआइभी सङ्क्रमितहरूका लागि बजेट राख्न उनले आग्रह गरिन् ।

बैठकमा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कामेश्वर चौरसिया, गैरसरकारी संस्था महासङ्घ नेपाल पर्साका अध्यक्ष छठु साह, नारायणी अस्पतालकी एआरटी प्रमुख सरिता श्रेष्ठ, वीरगंज महानगरपालिकाका पब्लिक हेल्थ निरीक्षक सुमनचन्द्र ठाकुर, वडा प्रहरी श्रीपुरका प्रहरी निरीक्षक दीपक साह, माइती नेपालकी पूजा शाही र विजामकी उषाकिरण चौधरीलगायतको सहभागिता थियो ।

## आवश्यकता

वीरगंज–१४ स्थित साना व्यवसाय परामर्श तथा तालीम केन्द्र प्रालिमा रिक्त रहेको Accountant पदको पूर्ति गर्नुपर्ने भएकोले दक्ष, अनुभवी एवं योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**पद** : Accountant –1

**शैक्षिक योग्यता** : B.com, B.B.S र B.B.A. मान्यताप्राप्त शिक्षण संस्थानबाट उत्तीर्ण गरेको ।

**उमेर** : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र कम्तीमा दुई वर्ष Accountant पदमा काम गरेको ।

**दलित, जनजाति र महिलालाई विशेष ग्राह्यता दिइनेछ ।**

इच्छुक व्यक्तिहरूले अद्यावधिक विवरण (Update CV)सहित विज्ञापन प्रकाशित मितिले ७ दिनभित्र तल उल्लिखित E-mail address मा दरखास्त दिन अनुरोध गरिन्छ ।

bijay.bcc_kumar@yahoo.com

(नोट : संक्षिप्त सूचीमा परेकालाई मात्र बोलाइनेछ ।)